म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक २१२ बिहीबार २ फागुन २०७९ ने. सं. ११४३ चिल्लागा 16 March 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## थानाभन्याङमा गाडीको ठक्करबाट महिलाको मृत्यु

हेटौंडा, १ चैत/ हेटौंडा उपमहानगरपालिका-११, स्थित थानाभन्याङमा पूर्व-पश्चिम राजमार्ग खण्डमा बुधबार बिहान गाडीको ठक्करबाट एक महिलाको मृत्यु भएको छ । बिहान साढे ५ बजेको समयमा मनहरीबाट हेटौंडातर्फ आउँदै गरेको मधेस प्रदेश ०३-००१ च ६९४३ नम्बर गाडीले ठक्कर दिँदा पैदलयात्री हेटौंडा उपमहानगरपालिका-१४ नयाँबस्ती बस्ने अन्दाजी ५० वर्षीया शान्तिमाया मोक्तानको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिए । गाडीको ठक्करबाट गम्भीर घाइते भएकी महिलालाई उपचारका लागि हेटौंडा अस्पतालमा ल्याइएकोमा चिकित्सकले मृत घोषणा गरेको प्रहरीले जनाएको छ । घटनाबारे अनुसन्धान भइरहेको प्रहरी नायव उपरीक्षक कार्कीले बताए ।

मुख्यमन्त्री सभाहल अलपत्र

## म्याद थप्न ठेकेदारको दौडधुप

साझाकुरा संवाददाता

हेटौंडा, १ चैत/ बागमती प्रदेश सरकारले चार वटा मुख्यमन्त्री पाइसक्यो । प्रदेशसभाको पहिलो कार्यकालमा डोरमणि पौडेलदेखि राजेन्द्र पाण्डेसम्म गरी तीन मुख्यमन्त्रीले प्रदेश चलाए ।

दोस्रो कार्यकालमा प्रदेशको चौथो मुख्यमन्त्रीका रुपमा शालिकराम जम्मकट्टेलले हाल सरकारको नेतृत्व गरिरहेका छन् । तर, प्रदेशले चार जना मुख्यमन्त्री पाइसक्दा पनि एउटा सभाहल निर्माण भने पूरा हुन सकेन । १३ जिल्ला समेटिएको बागमती प्रदेशले ४ जना मुख्यमन्त्री र करिब ४० जना मन्त्री पाइसक्दा पनि त्यही सरकारको एउटा सभाहल भने निर्माण हुन नसक्नु देशको बिडम्बनासँग नागरिकले चित्रण गरिरहेका छन् । प्रदेश राजधानी हेटौंडामा सरकारको आफ्नै सभाहल छैन । जसकारण कुनै औपचारिक कार्यक्रम गर्न कार्यालयकै साँघुरा सभाहलमा कोचाकोच गर्नुपर्ने बाध्यता तथा होटल र रिसोर्टहरुमा भाडावापत लाखौं खर्चिरहनु परेको छ ।

सरकारको आफ्नै सभाहल निर्माण गर्ने योजना ठेकेदारले अलपत्र पारिरहेका छन् । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको सुविधासम्पन्न सभाहल निर्माण गरि सक्नुपर्ने समयावधि ठेकेदारले पहिल्यै गुजारिसकेका छन् । तर, न ठेकेदार लाई कारबाही हुन्छ, न सभाहल निर्माण नै । सरकारभन्दा ठेकेदार बलियो हुँदा पनि प्रदेशका शासकहरुलाई कुनै चिन्ता र चासो नदेखिएको नागरिक समाजको गुनासो छ । हेटौंडा-२, स्थित हेटौंडा उपमहानगरपालिका कार्यालयको



पछाडितर्फ खाली जग्गामा तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलले सभाहल निर्माणको शिलान्यास गरेका थिए । उनले मुख्यमन्त्री छोडेर पनि तीन जना मुख्यमन्त्री बनिसक्दा सभाहलको खम्बामात्र ठडिएको छ ।

ठेकेदारले वर्षौ लगाएर जग हाल्ने र केही समय अघि फलामे खम्बामात्र हालेका थिए । संरक्षक निर्माण सेवा र सेभ इन्जिनियरिङ्ग कन्स्ट्रक्सन जेभीले २०७७ सालको सुरुवातमै ठेक्का लिएको हो । नाम संरक्षण रहेको निर्माण कम्पनीले नामभन्दा विपरित काम गरेपछि प्रदेश सरकारमात्र नभई हेटौंडा उपमहानगर पालिकालाईसमेत तनाव परेको हो । उपमहानगरपालिकाले विगतदेखि नै की सभाहल निर्माण गर कि जग्गा खाली गर भन्दा पनि ठेकेदार चितवनका भिष्म अधिकारी डेक चलेका छैनन् । निर्माण कम्पनीले २०७९ वैशाख १९ गतेसम्म निर्माण सम्पन्न गरिसक्ने गरी ५ करोड २६ लाख रुपैयाँमा सभाहलको ठेक्का सकारेको थियो ।

सभाहल निर्माण गरिसक्नु पर्ने म्याद नाघेर एक वर्ष हुन लाग्दा ठेकेदार अधिकारी भने प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत्को हेटौंडास्थित सहरी विकास तथा भवन कार्यालयमा असारसम्मको म्याद थप्न दौडधुप गरिरहेका भेटिन्थे । सभाहल निर्माणको काम भवन कार्यालयले हेरिरहेको छ । तर, भवन कार्यालयको ठेकेदार पक्षसँगको साँठगाँठ पनि लुक्न सकेको थिएन । यसअघिका भवन कार्यालयका प्रमुखले काम नै नगरी मोबिलाइजेशनवापतको रकम १ करोड भन्दा बढी दिइसकेको भन्दै महालेखा परीक्षक कार्यालयले प्रश्न उठाएको थियो । मोबिलाइजेशन खर्च बुझ्दा ठेकेदार पक्षले खाल्डोमात्रै खनेको र जगसमेत हालेको थिएन ।

सहरी विकास तथा भवन कार्यालय मकवानपुरका निमित्त प्रमुख इन्जिनियर घनश्याम श्रेष्ठले ठेकेदारकै कारण सभाहल समयमै निर्माण हुन नसकेको बताए । श्रेष्ठ सभाहल अलपत्र रहेकै अवस्थामा सरुवा भएर मकवानपुरमा आएका थिए । उनले आफू पछि मकवानपुर सरुवा भएर आएको र विगतको कुरामा जानकारी नभएको भन्दै ठेकेदारले म्याद थप गर्न दौडधुप गरिरहेको बताए । उनका अनुसार ठेकेदार भिष्म अधिकारी यसअघि पनि म्याद थप गर्न भन्दै कार्यालय धाउने गरेका थिए । तर, आफूले म्याद थप नगरेको र अब असारसम्म जसरी पनि सक्छु भनेपछि सभाहल निर्माण होस् भन्ने उद्देश्यले म्याद थप गर्दिन खोजेको श्रेष्ठले बताए । 'मैले पहिला म्याद थप नगरेकै हो । अब भने असारभित्र काम सक्छु भनेको छ, म्यान थप्दिन पर्छ होला', उनले भने ।

भवन कार्यालयमै भेटिएका ठेकेदार अधिकारीले आफ्नै कारण सभाहल निर्माण अलपत्र भएको स्वीकारे । कोभिडलगायत समस्या देखाएर प्राविधिक कारण भन्दै काम गर्न नसकेको बताए । 'मैले पहिला प्राविधिक कारणले काम गर्न नसकेको हो । काम नभएकै हो । अब असार भित्र जसरी पनि सक्छु', अधिकारीले भने । उनले काम आफूले गर्ने भएरै म्याद थप लिन आएको भन्दै समाचार नलेख्न पनि आग्रह गरे । 'मैले अब काम जसरी पनि गर्छु । समाचार नलेख्दिनू न', उनको भनाइ थियो ।

सभाहल निर्माणका लागि तयार पारिएको प्लिन्थ लेभलको ढलान गर्न विछ्याइएको रडहरु खिया लागेकै अवस्थामा जग ढलान गरिएको थियो । वैज्ञानिक प्रविधिको उक्त सभाहल निर्माणपश्चात् हलको सम्पूर्ण व्यवस्थापन हेटौंडा उपमहानगर पालिकामा रहने भनिएको छ । उपमहानगरपालिकाको पनि आफ्नै सभाहल भने छैन । निर्माणाधीन सभाहल चारसय जना क्षमताको हो । सभाहलको हालसम्म २० प्रतिशत भौतिक प्रगति छ । ठेक्का सम्झौता गरेको १५ महिनामा सभाहलको प्लिन्थ लेभलको काम पनि सम्पन्न नहुँदा १५ प्रतिशतमात्र भौतिक प्रगति भएको थियो । सभाहल स्याण्डबीच इपीएस स्याण्डबीच प्रविधिबाट प्यानल बोर्डको ट्रस्टबाट निर्माण गर्नुपर्नेछ ।

## राक्सिराङमा घरघर पुगेर उपचारदेखि परिचयपत्र सेवा

साझाकुरा संवाददाता

हेटौंडा, १ चैत/जिल्लाको विकट राक्सिराङ गाउँपालिकाले प्रत्येक गाउँबासीको घर आँगनमै पुगेर स्वास्थ्य उपचारदेखि परिचय पत्र वितरणसम्मका योजना कार्यान्वयन गरिरहेको छ ।

गाउँपालिकाले एकीकृत शिविर अभियान चलाएर सम्बन्धित ठाउँमै पुगेर नागरिकका आवश्यकतालाई अनुगमन गरी जस्तापाता, पाइप जस्ता सामग्रीहरु बितरण गर्नेदेखि स्वास्थ्य उपचारसमेत पुऱ्याउने कार्य गरिरहेको हा । अभियानअन्तर्गत् जस्तापाता, पाइप जस्ता सामग्रीहरु बितरण गरेर योजनाको अनुगमन गरी प्राविधिक मूल्यांकन गरेर फिल्डबाटै रकम भुक्तानी समेत गरिने काम भइरहेको गाउँपालिका अध्यक्ष राजकुमार मल्लले जानकारी दिए । फागुन २९ गतेबाट सुरु शिविरमा विशेषज्ञ डक्टरले घरमै पुगी स्वास्थ्य सेवाप्रबाह गर्ने, अपांगता परिचयत्र बनाइदिने तथा सहायक सामग्रीहरु बितरण गर्ने, बीउबिजन बितरण गर्ने, पशुस्वास्थ्य जाँच र औषधि बितरण गर्ने, व्यवसाय दर्ता र नवीकरणको काम गर्नेलगायतका क्रियाकलापहरु भइरहेको गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत देवचन्द्र गार्तौलाले बताए ।

अध्यक्ष मल्लले उत्पीडितहरुको घर आँगनमै पुगी



सेवा दिनेगरी 'सेवा पाउने सबैको अधिकार, घरघरमा स्थानीय सरकार' भन्ने नारासहित अभियान सञ्चालन गरिएको बताए । राक्सिराङ चेपाङ र तामाङ समुदायको बाक्लो बसोबास भएको क्षेत्र हो । भौगोलिक विकटता कारण पनि गाउँबासीलाई सबै खाले सेवा लिन त्यति सहज छैन् । जसकारण गाउँपालिकाले घरघरमै सेवा पुऱ्याउने अभियान सञ्चालन गरेको हो । यसैगरी, गरिव परिचयपत्र वितरण, ज्येष्ठ नागरिक सम्मान तथा परिचयपत्र वितरण विपद्का बेला आवश्यक उद्दार राहतका सामग्रीहरु बितरण सहित शिक्षा, स्वास्थ्य, कृषि, पशु, पर्यटन लगायतका बिषयमा समुदायसँग अर्न्तक्रिया गर्ने कार्यक्रम तय भएको छ ।

फागुन २९ गते वडा नम्बर ४ को कार्यालयबाट सुरु अभियान चैत ६ गते वडा नम्बर ९ को कार्यालय, चैत १४ गते वडा नम्बर ६, ७ र ८ लाई लक्षित गरी जुरथुमस्थित आधारभूत विद्यालय र चैत २२ गते वडा नम्बर १ र २ लाई लक्षित गरी कालिका माध्यमिक विद्यालय दुंगुमा एकीकृत शिविर सञ्चालन गरिने अध्यक्ष मल्लले जानकारी दिए । अभियानकै क्रममा आगामी आर्थिक बर्ष २०८०/०८१ का लागि सञ्चालन हुने विकास योजनाका बारेमा पनि गाउँबस्तीबाटै छलफल गराइने र त्यसको टिपोट गरी योजना तर्जुमा प्रक्रियामा समावेश गराउने तयारी गाउँपालिकाले गरेको छ ।

अध्यक्ष मल्लले यसअघि पार्टी र पहुँचवालाको दबाब, सिफारिस तथा अन्य ढंगले प्रभावित पारेर चाहिएको ठाउँमा विकासको अनुभूति हुन नसकेको र नचाहिने ठाउँमा त्यस्ता गलत कामहरु भएका छन् भने पनि सच्याउने गरी टोली अघि बढ्ने बताए ।

## बागमती प्रदेश प्रमुखले भेटे प्रधानमन्त्री

साझाकुरा संवाददाता

हेटौंडा, १ चैत/ बागमती प्रदेशका प्रदेश प्रमुख यादवचन्द्र शर्माले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सँग भेट गरेका छन् ।

बुधबार प्रधानमन्त्री निवास बालुवाटारमा भएको भेटमा प्रधानमन्त्री प्रचण्डसँग राजनीतिक विषयमा कुराकानी भएको प्रदेश प्रमुख सचिवालयले जानकारी दिएको छ । प्रधानमन्त्री प्रचण्डसँग बागमतीका प्रदेश प्रमुख शर्मासहित अन्य प्रदेशका प्रमुखहरुले पनि भेट गरेका थिए । प्रधानमन्त्री प्रचण्ड र प्रदेश प्रमुखहरु बीच प्रदेशको अवस्थाका विषयमा छलफल भएको बताइएको छ ।

प्रधानमन्त्री प्रचण्डसँग मधेस प्रदेशका प्रदेश प्रमुख हरिशंकर मिश्र, बागमती प्रदेशका प्रदेश प्रमुख यादवचन्द्र शर्मा, गण्डकी प्रदेशका प्रदेश प्रमुख पृथ्वीमान गुरुङ, लुम्बिनी प्रदेशका प्रदेश प्रमुख अमिक शेरचन, कर्णाली प्रदेशका प्रदेश प्रमुख तिलक परियार र सुदूरपश्चिम प्रदेशका प्रदेश प्रमुख देवराज जोशीले भेटवार्ता गरेका हुन् ।

प्रदेश प्रमुखहरुले प्रधानमन्त्री नियुक्त भएकोमा प्रचण्डलाई बधाई दिँदै कार्यकाल सफलताको शुभकामना व्यक्त गरेका छन् । प्रदेश प्रमुखहरुले संविधानमा निर्दिष्ट भएको संघीयतासम्बन्धी व्यवस्थालाई स्थायित्वका लागि प्रदेशलाई बलियो बनाउनुपर्ने बताउँदै प्रदेशलाई आवश्यक ऐन नियम र राष्ट्रसेवक कर्मचारी नियुक्तिसम्बन्धी अधिकार व्यवस्था गराउन सुझाव दिए ।

यस्तै, प्रदेश प्रमुखहरुको मर्यादाक्रमलाई सुरुमा निर्धारित भएअनुसार पुन: कायम गर्दै पछिल्लो अवस्थामा लागू भएको मर्यादाक्रमलाई खारेज गर्नुपर्ने सुझाव पनि दिइएको जनाइएको छ । राष्ट्रियता, गणतन्त्र र संघीयतालाई बलियो बनाउँदै अघि बढ्ने विषयमा प्रदेश प्रमुख र प्रधानमन्त्रीबीच छलफल भएको बताइएको छ । प्रधानमन्त्री प्रचण्डले रास्ट्रपति, उपराष्ट्रपति र प्रदेश प्रमुखहरुलाई स्थायीत्व दिने कुरामा सरकार प्रतिबद्ध रहेको उल्लेख गर्दै प्रदेश प्रमुखको मर्यादाक्रमका बारेमा छलफल भइरहेको बताए ।

**घर भाडामा**

हेटौंडाको सिँचाईटोल बुद्धमार्गमा रहेको ३५-४० जना अट्ने, २ फ्ल्याट दुई वटा तला, १२ कोठा एटेज बाथरुम, गाडी पार्किङ्ग, मिटिङ हल सहितको अफिस तथा किराना स्टोरको लागि उपयुक्त घर भाडामा रहेकोले इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं. : ९८२७२५९८०६**

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

## हाम्रो कुरा

# नाममात्रको अभियान नबनोस्

हावाहुरीको मौसम सुरु भएसँगै चैत महिनाबाट वन क्षेत्रमा डढेलो लाग्ने गर्दछ । वन डढेलोको प्रभाव बोटबिरुवामा मात्र पर्दैन । जंगली जनावरको बासस्थान, आहारबिहार, वातावरण, वायूप्रदुषणका कारण हुनेबिभिन्न खालका संक्रमण आदि क्षेत्रमा समस्या देखिन्छ । हरेक वर्ष मकवानपुरका वन क्षेत्रमा डढेलो लाग्ने गरेको छ । सुख्खा यामसँगै वन-जंगलमा डढेलो लाग्ने क्रम बढ्ने आकंलन डिभिजन वन कार्यालयले पनि गरेको छ । हावाहुरीको मौसम सुरु भएसँगै वन क्षेत्रमा डढेलो लाग्न थालेको छ । वर्षेनी डढेलोले ठूलो मात्रामा वनको क्षति हुने गरेको छ ।

नेपालमा हरेक साल करिव २० लाख सिएफटी काठको माग रहेको बताइन्छ । त्यसमध्य आधाआधि परिमाणको काठ बिभिन्न सामुदायिक वनहरूले उत्पादन तथा आपूर्ति गर्ने गरेका छन् । बाँकीको आधाआधि परिमाणको काठ मलेसियालगायतका देशबाट आयात गरिन्छ । तर, त्यो भन्दा ठूलो परिमाणको काठ दाउरा वन डढेलोबाट नष्ट भइरहेको छ । संरक्षित वन क्षेत्र वा राष्ट्रि निकुञ्जबाट सुकेका ढलेका रुखहरु निकाल्ने हो भने लाखौं रुपैयाँ खर्चेर बिदेशी भूमिको कमजोर काठ आयात गर्नु पर्ने थिएन । नेपालको जंगलमा भएका काठ हरेक साल वन डढेलोले नष्ट गरि रहेको छ भने अर्कोतर्फ डलर खर्चेर काठ आयात गर्नु पर्ने बाध्यताले पनि देशको अर्थतन्त्रलाई नकारात्मक असर गरिरहेको छ । बर्तमान सरकार यो बिषयमा गंभीर नबन्ने हो भने हरेक बर्ष हाम्रो वन क्षेत्रका बहुमूल्य काठ खरानी बनिरहने र डलर खर्चेर कम गुणस्तरका काठ आयात भइरहने निश्चित छ । देशको आर्थिक अवस्था सुधार गर्न पनि जंगलबाट सुकेका काठ दाउराहरु समयमै निकाल्न जरुरी छ । जंगलमा रहेका सुकेका काठ दाउराकै कारण पनि बढी डढेलो लाग्ने गरेको छ ।

समुदायको तर्फबाट होस् वा सरकारी निकायबाट होस् डढेलो नियन्त्रणका विभिन्न प्रयास भए पनि वनमा आगलागी भने रोकिन सकेको छैन । यो बर्ष हिउँदे बर्षा नभएकै कारण वनजंगलमा बढी डढेलो लाग्ने सम्भावना रहेको छ । वर्षेनी गर्मीयाममा वनमा डढेलो लाग्ने क्रम घट्नुको साटो बढ्दै गएको देखिन्छ । चैत सुरु भएसँगै सुक्खा बढ्ने हुनाले प्रत्येक वर्ष वन-जंगलमा डढेलोका घटना बढ्ने गरेका छन् । डढेलोका कारण मकवानपुरमा चिरान काठसहित खानेपानी पाइपदेखि धेरै सम्पत्तिको क्षति हने मात्र नभई जंगली जनावरको मृत्यु हुने गरेको छ । गत आर्थिक वर्षमा जिल्लाका थुप्रै सामुदायिक वन क्षेत्रमा लागेको डढेलोबाट धेरै क्षति पुगेको थियो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ चैत ३ गते शुक्रबार १७ मार्च २०२३ । दशमी चैत कृष्णपक्ष । चिल्लागा ११४३ ने.सं. । सूर्योदय ६:१४, सूर्यास्त ६:१२।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : सामाजिक प्रतिष्ठा बढ्नेछ | **तुला** | : सुखभोगको समय रहेकोछ |
| **वृष** | : सानातिना अवरोध आइरहनेछ | **वृश्चिक** | : आर्थिक लाभ मिल्नेछ |
| **मिथुन** | : मित्रसंग विवाद हुनसक्नेछ | **धनु** | : विवाद हुन सक्ने |
| **कर्कट** | : धन खर्च हुनेछ | **मकर** | : मनलाई नियन्त्रण गर्नुपर्नेछ |
| **सिंह** | : भेटघाटमा समय बित्नेछ | **कुम्भ** | : आफन्तको सहयोग मिल्नेछ |
| **कन्या** | : सम्पत्तिको खचपच हुनेछ | **मीन** | : यात्राको लागि राम्रो समय छ |

# आशा र मुक्तिको 'मायाजाल'



मनिकर कार्की

'आशा' एउटा यस्तो अस्त्र हो जसले व्यक्ति, समाज, राष्ट्र र समग्र संसारलाई नै गतिशील बनाएको हुन्छ । कुनै चिज प्राप्तिको सशक्त इच्छा वा सकारात्मक प्रतिफलको अपेक्षा नै आशा हो । मानव जीवनका लागि आशा एक औजार हो जसले सकारात्मक सोच र परिणामतर्फ दिशाबोध गर्दछ । त्यसैले जनतामा जागृत गराइने 'आशा' नै राजनीतिको मुख्य आधार हो ।

राजनीतिक दलहरूले त्यही आशाको बीजारोपण गरेर राजनीति धान्ने काम गरिरहेका छन् । अमेरिकी मनोविद् सी.आर. स्यान्डरको 'आशाको सिद्धान्त' अनुसार मानवीय मनोविज्ञानमा अन्तरनिहित सकारात्मक उत्प्रेरणा जनाउने तत्व नै आशा हो । यस्तो आशाले व्यक्तिलाई निश्चित उद्देश्य र लक्ष्यहरू निर्धारण गरी त्यस दिशातर्फको यात्रा गर्न उत्प्रेरित गर्दछ ।त्यही आशाको त्यान्द्रो नै राजनीतिको मियो हो । आम जनतालाई निश्चित एजेण्डाप्रति आशा जगाउनु र जगाउन सक्नु नै राजनीतिको मुख्य विषय हो । त्यसैले राजनीतिमा आशा एक जीवन्त एजेण्डा बन्न पुगेको छ ।

सबैले कुनै न कुनै रूपमा आशा जगाएकै हुन्छन् । वास्तवमा जनताले अपेक्षा गर्ने आशाभित्रका अन्तरवस्तु नै राजनीतिका एजेण्डा हुन् । राजनीतिक दल र तिनको नेतृत्वले सही आशा जगाउनु र त्यो आशालाई वास्तविकतामा परिणत गर्ने उद्देश्य, लक्ष्य र मार्गचित्र प्रस्तुत गरी त्यसतर्फको यात्रा गर्नु/गराउनु नै सही राजनीतिको कार्ययोजना हो । नेपाली राजनीतिले पटक-पटक आशाको सञ्चार गरायो । तर, आशालाई सार्थकतामा बदल्ने उद्देश्य र लक्ष्य अनि मार्गचित्र अनुरूप कार्ययोजना लागू हुन नसक्दा जनताले जागृत गरेको आशामा जहिल्यै तुषारापात हुने गरेको छ । मूलधारका सबैजसो राजनीतिक दलहरूले पटक-पटक आशा जागृत गराए । उनीहरूको उदयको पछाडि जनतामा जागृत आशा नै मुख्य कारण हो ।

सन् १९५० को राजनीतिक परिवर्तनसँगै सुरु भएको नेपालको आधुनिक राजनीतिक इतिहासमा दलहरूले पटक-पटक आशा जागृत गराए । जनता त्यही आशालाई आफ्नो सपना ठानेर हरेक राजनीतिक संघर्षहरूमा सहभागी हुँदै आए । अनि पटक-पटकको राजनीतिक संघर्षले मुलुकको शासन व्यवस्थामा परिवर्तन पनि संभव भयो । तर, त्यो परिवर्तनले जनताको दैनिकीमा देखिने बदलाव ल्याउन सकेको छैन । आखिर किन ? किन दलहरूको बाचा भुटा साबित भइरहेका छन् ? यो सात दशकको राजनीतिक इतिहासलाई क्यानभासमा उतार्ने हो भने पुरानादेखि नयाँसम्म, पारम्परिकदेखि वैकल्पिकसम्म, कम्युनिष्टदेखि कांग्रेससम्मका दलहरूले विभिन्न कालखण्डमा जागृत गराएका आशाले जनजीवनमा उल्लेख्य परिवर्तन ल्याउन सकेन । राजनीतिक रूपमा धेरै उपलब्धि भएको देखिए पनि ती उपलब्धिहरूलाई नयाँ कलेवरमा प्रस्तुत गर्न सकिएको छैन । राजनीतिक परिवर्तनले जनताको दैनिकीमा देखिने रूपान्तरण ल्याउन सकेको छैन । भएका अर्थ-राजनीतिक परिवर्तनले जनताको आवश्यकता, भावना र चाहना सम्बोधन गर्न असफल भएका छन् । परिणामत: दलहरूले जगाएको आशा पनि केवल मृगमरीचिकामै सीमित भएको छ ।

मुलुकमा राजनीतिक संघर्षसँगै आदिवासी जनजाति, दलित, महिला, मधेशी, थारू, मुस्लिमसहित अल्पसंख्यक समुदायको 'मुक्ति'को आन्दोलन पनि चर्कियो । समग्रमा यी सबै आन्दोलनको उपलब्धिकै रूपमा संघीय लोकतान्त्रिक गणतन्त्रको उपलब्धि पनि हासिल भएको हो । तर, यी उपलब्धिले जनताको दैनिकी बदल्न भने सकेको छैन । आर्थिक रूपान्तरणसँगै सामाजिक हैसियत बढ्न सकेको छैन । त्यसैले नेपालको अर्थ-राजनीति 'मुक्तिको मायाजाल' मै रुमल्लिएको देखिन्छ । आखिर राजनीतिक संघर्षका दौरान प्रयोग गरिने मुक्ति के हो ? कसको मुक्ति र कोबाट मुक्ति पाउने हो ? अनि मुक्ति पाएर जाने कहाँ हो ? यी केही प्रश्नमा घोत्लिंदै जाँदा यो मुक्ति आन्दोलनको भाष्य नै आफैंमा अमूर्त पो भयो कि भन्ने आभास हुन्छ ।

मुक्ति आन्दोलनको भाष्य निर्माणमा १० वर्षे युद्धमार्फत उदाएका माओवादीहरूले निकै योगदान गरेका छन् । तर, तिनले निर्माण गरेको मुक्तिको भाष्य आफैंमा अमूर्त रहेछ भन्ने व्यवहारत: प्रमाणित भएको छ । किनकि 'मुक्ति आन्दोलन' पनि भ्रममिश्रित आशा हुन पुगेको छ । राजनीतिमा कुनै एजेण्डामार्फत आशाको संचार गरिन्छ । त्यो आशा नै राजनीति गर्ने माध्यम बन्छ । राजनीतिक दलहरूले अनेकन् भ्रममार्फत आशा स्थापित गरि दिन्छन् । अनि समयक्रमसँगै जब भ्रम चिरिंदै जान्छ, तब आशा पनि घट्दै जान्छ ।वर्षात पछि आकाशको कालो बादल फाटे जस्तै समयसँगै भ्रमको बादल पनि फाट्दै जान्छ । जब जनता भ्रममिश्रित आशाबाट निरपेक्ष हुन खोज्छन्, तब फेरि राजनीतिक नेतृत्वले भय सिर्जना गरिदिन्छ । त्यो भयले पुन: भ्रमलाई जगाउँछ । त्यो भ्रम जनस्तरसम्म पुग्दा पुन: अर्को आशामा परिणत भइदिन्छ । यसर्थ, हाम्रो राजनीतिले पनि त्यही भ्रम र भयमिश्रित आशाको गोलचक्कर काटिरहेको छ ।

सन् १९९६ को सुरुवातीसँगै तत्कालीन नेकपा माओवादीले दीर्घकालीन युद्धको अर्थ-राजनीतिक खाका कोर्दै गर्दा 'जनताको वर्गीय मुक्ति' लाई मुख्य लक्ष्य बनाएको थियो । जनताको मुक्तिको भाष्य निर्माणका क्रममा तत्कालीन संयुक्त जनमोर्चाका नेता बाबुराम भट्टराईले जनजीविका र राष्ट्रियतासँग सम्बन्धित ४० बुँदे मागपत्रको अर्थ-राजनीतिक खाका प्रस्तुत गर्दै दीर्घकालीन युद्धको बाटो अख्तियार गरेको थियो । जसै युद्धले गति लियो, १० वर्षले मुलुकको अर्थ-राजनीतिक संरचनाहरू हल्लाइदियो । आर्थिक, सामाजिक, राजनीतिक एवं सांस्कृतिक जीवनमा नयाँ मूल्यहरूको खोजी भयो ।

जनताले साँच्चिकै आशामुखी नजरबाटै युद्धलाई हेरेका थिए । तथापि युद्धका क्रममा भएका अनेकन् त्रासदीपूर्ण घटनाहरू भने अहिले पनि द्वन्द्वको घाउको रूपमा आलै छन् ।राज्य र विद्रोही दुवै पक्षबाट पीडित नागरिकका घरपरिवार अहिले पनि न्यायको लागि भौंतारिरहेका छन् । आफन्तको सन्तापमा अनवरत आँशु बगाउँदा आँशु सुकेका सुख्खा आँखाहरूमा अभिव्यक्त अनुत्तरित प्रश्नले अहिले पनि तर्साउँछ । युद्धका घटनाहरूलाई समग्रतामा हल गर्दै तिनको न्यायिक निरुपण हुन नसक्दा समाजमा द्वन्द्व बढ्दै जानसक्ने खतरा देखापर्छ ।जनताको मुक्तिको उद्घोषसहित सुरु भएको युद्धले विभिन्न चरण पार गऱ्यो । कहिले सफलता त कहिले असफलताका अनेकन् शृंखला पार गर्दै प्रचारात्मक, रक्षात्मक, छापामार हुँदै प्रत्याक्रमणको चरणसम्म आइपुग्दा 'युद्ध'को भाष्य पनि विस्तारि दै गयो । युद्ध किन भन्ने सवालमा एउटै स्लोगन जस्तो उत्तरको सिर्जना भयो- 'यो मुलुकमा विद्यमान क्षेत्रीय, वर्गीय, लिंगीय, जातीय, भाषिक अनि धार्मिक एवं सांस्कृतिक मुक्तिका लागि दीर्घकालीन जनयुद्ध'!

अनि युद्धकालभर 'मुक्ति' शब्द यति प्रिय बन्यो कि मिलिसियादेखि लडाकुसम्म अनि सामान्य समर्थकदेखि सुप्रिमोसम्म सबैले मुक्तिकै भाष्य प्रयोग गरे । अनि मुक्ति शब्दको व्यापकता पनि यति बढ्यो कि केही जनवर्गीय संगठनहरूको नामको पछाडि 'मुक्ति मोर्चा' को पुच्छर अनिवार्य जोडियो । जस्तै : मगर मुक्ति मोर्चा, थारू मुक्ति मोर्चा, मधेशी मुक्ति मोर्चा, महिला मुक्ति मोर्चा, दलित मुक्ति मोर्चा यस्तै, यस्तै । यी सबै प्रयत्नहरूले हरेक जातीय, भाषिक, सांस्कृतिक वा अन्य सीमान्तकृत समुदायलाई आफ्नो हक, अधिकार र पहिचानका लागि लड्न उत्प्रेरित पनि गऱ्यो र त्यही मुक्ति आन्दोलनको बलमा युद्धले उचाइ पनि हासिल गऱ्यो ।

सन् २००६ मा माओवादी तत्कालीन सात राजनीतिक दलहरूसँग १२ बुँदे सम्झौता गरी जनआन्दोलनमार्फत शान्तिपूर्ण राजनीतिमा आयो । शान्ति सम्झौतामार्फत खुला राजनीतिमा उदाएको तत्कालीन नेकपा माओवादीले सन् २००८ अप्रिलमा सम्पन्न पहिलो संविधानसभाको निर्वाचनमा सबैलाई चक्मा खुवाइदिने गरी जनमत पायो । त्यो जनमतमा त्यही भ्रम र भयमिश्रति आशा थियो । विद्रोहलाई शान्तिपूर्ण अवतरण गर्दै खुला राजनीतिमा आएको र तत्कालीन पुराना संसदवादी दलहरूको फोहोरी राजनीतिबाट दिक्क बनेका नागरिकले विकल्पको रूपमा उदाएको माओवादीलाई विश्वास पनि गरे ।

त्यो बेला माओवादीसँग भएको बन्दुक संयुक्त राष्ट्रसंघको निगरानीमा थियो भने लडाकुहरू अस्थायी शिविरमा परेड खेल्दै थिए । नेपालका लागि बन्दुकसहितको राजनीतिक शक्ति निर्वाचनमा गएको त्यो पहिलो घटना थियो । निर्वाचनमा जसै माओवादीले अधिक जनमत पायो, संभवत: त्यो उसका लागि निकै भारी पनि भयो । त्यसपछि माओवादीको शान्तिकालीन राजनीति बढी उच्छृंखलतातिर उद्यत देखियो ।

बोली र लेख्यमा जहिल्यै 'मुक्ति' का कुरा, व्यवहारमा चैं आफ्नै उन्मुक्तिलाई ध्यान दिए जस्तो भयो । सोही समयदेखि माओवादीले स्थापित गरेको मुक्ति आन्दोलनको भ्रमयुक्त मायाजाल पनि घट्दै गयो ।प्रश्न उब्जिन थाल्यो कि त्यो मुक्ति के हो ? कसरी हुन्छ मुक्ति ? अनि कोबाट मुक्ति ? मुक्तिपछिको अवस्था के हुने ? मुक्तिपछिको व्यवस्थापन कसले र कसरी गर्ने ? मुक्तिका आर्थिक, सामाजिक अनि सांस्कृतिक रूपान्तरणका कार्यक्रमहरू के के हुन् ? त्यसले कसरी काम गर्छ ? एउटा व्यक्तिको निजी जीवनको अर्थतन्त्र कसरी संचालित हुन्छ ? मुक्तिका गीत, कथा, कविता गाउँदै गर्दा, साहित्य सिर्जना गर्दै गर्दा यसका आर्थिक सवालहरू सतहमै आउन सकेनन् । परिणामत: मुक्तिको मायाजाल केवल डकुमेन्ट, साहित्य र यदाकदा नेतृत्वको भाषणमै सीमित हुनपुग्यो ।

मुक्तिको उद्घोषले जुन राजनीतिक परिवर्तन ल्यायो, त्यसले सत्ताको संरचनामा कुनै बदलाव आउन सकेन । 'जनयुद्ध' हुँदै विभिन्न खाले आन्दोलन र राजनीतिक संघर्षले व्यवस्थाको स्वरूप त बदल्यो तर, सारत: सत्ताको संरचना बदल्न सकेन । सत्ताको रङमा कुनै बदलाव आएन । सत्ताको उही विभेदी रङ कायमै रह्यो । अनि मुक्तिको गीतमार्फत उदाएको नेतृत्व पनि त्यही विभेदकारी सत्ताको फलोअर मात्रै बन्न पुग्यो ।

मुक्तिको राजनीतिले व्यक्तिलाई स्थापित गरिदियो र समाजमा पनि क्रमश: व्यक्तिपूजक मानसिकता हावी हुँदै गयो । राज्यसत्ताको संरचना परिवर्तनले मात्रै त्यो मुक्तिको बृहत् आर्थिक अनि सामाजिक रूपान्तरणलाई साथ दिन्थ्यो । त्यो संरचनाको बदलावले मात्रै मान्छेले मुक्तिको आभास पाउँथ्यो । त्यो संरचनाको बदलावले मात्रै व्यक्तिको जीवनमा बहार ल्याउन सक्थ्यो । व्यक्तिको अवस्थामा बदलाव आउन सक्थ्यो । तर, त्यसो हुन सकेन । शासकहरू बदलिएको जस्तो देखियो तर, उनीहरू त पुरानै चालढाल अनि भावभंगी सहितका नयाँ पहिरनमा पो प्रकट भए ।

त्यसो त व्यवस्था र शासक नै बदलिंदा पनि नपुग्ने रहेछ । जसरी शासक महिला हुँदैमा महिला मुक्ति हुँदैन, कथित कम्युनिष्टहरूको शासन भयो भने पनि वर्गीय मुक्ति चैं हुँदैन रहेछ भन्ने कुरा नेपालकै अनुभवबाट सिक्न सकिन्छ । त्यसैले व्यवस्थापनमा मात्र होइन, राज्यसत्ताको चरित्र अनि नेतृत्वको सक्षमता पनि निकै महत्वपूर्ण हुनेरहेछ । खास परिवर्तनको लय चैं राज्यसत्ताको चरित्र अनि नेतृत्वको सक्षमतामै निर्भर हुने रहेछ न कि मुक्तिको कथा र क्रान्ति नायकको गाथामा । हो, जसरी वस्तुको भौतिक स्वरूप र आकृतिले त्यसको चरित्र अनि गुण ठम्याउन सकिंदैन त्यसैगरी क्रान्ति र मुक्तिका सीधा कुराले मात्रै परिवर्तनको उद्देश्य पूरा नहुने गरेछ । विज्ञान भन्छ- पदार्थको स्वरूप हैन, त्यसमा रहेको अणुहरू प्रधान पक्ष हुन् । अणु परमाणुहरूले पदार्थको चरित्र निर्धारण गर्दछ । भौतिक विज्ञानको यो नियम समाज विज्ञानमा अनि राजनीतिक विज्ञानमा पनि लागू हुन्छ ।

'मुक्तिको मायाजाल'मार्फत 'जनयुद्ध'लाई उचाइमा पुऱ्याएको माओवादीले पनि खुल्ला राजनीतिमा भने त्यो मुक्तिको भ्रमलाई बरकरार राख्न सकेन र सक्ने कुरा पनि थिएन । किनकि मुक्ति आफैंमा अमूर्त शब्दावली हो । मुक्तिको सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक अवयवहरू खुट्याउन उति सजिलो छैन । फेरि एजेण्डालाई यथार्थमा बदल्ने अर्थ-राजनीतिक कार्यक्रम मार्फत हो । आफैंले विगतमा लगाएका मुक्तिको नारालाई यथार्थमा बदल्ने अर्थ-राजनीतिक कार्ययोजना निर्माण गर्ने सन्दर्भमा माओवादी चुकेको देखिन्छ । त्यसैले माओवादीको मुक्तिको भाष्य केवल साहित्यमै सीमित भयो, यथार्थमा रूपान्तरित हुन सकेन । तथापि यी यावत् कमी-कमजोरी एवं दुखान्तका बावजुद नेपालमा युद्धले राजनीतिक परिवर्तनका लागि भने निकै महत्वपूर्ण भूमिका खेलेको छ । यसै आन्दोलनको जगमा अहिलेको राजनीतिक परिवर्तन संभव भएको हो ।

तर, यही उपलब्धिको गीतले मात्रै अबको राजनीति धान्न सकिने देखिंदैन । जनताको दैनिक जीवनस्तर बदल्ने र जनतालाई परिवर्तनको लाभांश दिने गरी काम हुन नसक्दा यो उपलब्धिहरूप्रति नै प्रश्न उब्जिन थालिसकेको छ । त्यसैले अब पनि मुक्तिको गीत गाउने भन्दा जनताको दैनिकी सहज हुने आर्थिक, सामाजिक मुद्दाहरूमा काम गर्नु जरूरी देखिन्छ । मुक्तिको मायाजालमा भुलिरहने हैन, अभावमा जेलिएको दैनिकीलाई सहज बनाउने राजनीति जरूरी छ ।

तर, दु:खद् पक्ष चैं के छ भने अझै पनि राजनीतिक डबलीमा 'जनताका छोराछोरीको भविष्य' भन्दा शहीदको सपनाकै व्यापारमा राजनीतिक नेतृत्व मग्न देखिन्छ । उनीहरू अहिले पनि जनतालाई प्रत्यक्ष डेलिभरी दिने जनजीविकाका सवालमा पैरवी गर्नुभन्दा फेरि जनतालाई विगतको भय मार्फत त्यही आशाको बीउ रोप्ने प्रयत्न गर्दैछन् ।*साभार : अनलाइनखबर*

# प्रतिष्ठाको जोखिममा बैङ्किङ क्षेत्र

विरोध अधिकारी

नेपालजस्तो सानो अर्थतन्त्र भएको देशमा नेपाल राष्ट्र बैङ्कले मर्जर तथा एक्युजिसनको नीति नलिँदा धेरै सङ्ख्यामा बैङ्क तथा वित्तीय संस्थाहरू सञ्चालनमा रहेका थिए । सानो अर्थतन्त्र, राष्ट्र बैङ्कको सुपरिवेक्षण सीमाका कारण बैङ्क तथा वित्तीय संस्थाहरूको सङ्ख्या घटाउनुको विकल्प थिएन । गभर्नरमा युवराज खतिवडा हुँदै महाप्रसाद अधिकारीसम्म आइपुग्दा नेपालमा बैङ्क तथा वित्तीय संस्थाको सङ्ख्या उल्लेख्य रूपमा घटिसकेको छ र यो क्रम अझै जारी छ । विसं २०७९ पुस मसान्तसम्म नेपाल राष्ट्र बैङ्कको आधिकारिक सूचनाअनुसार 'क' वर्गको वाणिज्य बैङ्क २२, 'ख' वर्गका विकास बैङ्क १७, वित्तीय संस्था १७, लघु वित्त ६४ र पूर्वाधार बैङ्क एक गरी कुल सङ्ख्या १२१ छन् ।

बैङ्किङ व्यवसाय जोखिमपूर्ण एवं संवेदनशील व्यवसाय हो । अर्थतन्त्रको जुनसुकै पक्षमा समस्या पर्दा पनि बैङ्किङ क्षेत्रमा असर देखिन्छ । सामान्यतया बैङ्किङ उद्योगका जोखिमलाई बजार जोखिम, कर्जा जोखिम, सञ्चालन जोखिम गरी व्याख्या विश्लेषण गरिन्छ । बजारमा ब्याजदरमा आउने जोखिम बजार जोखिम हो । त्यस्तै कर्जा बिग्रने सम्भावनाको जोखिमलाई कर्जा जोखिम भनिन्छ भने बैङ्क सञ्चालन गर्दा आउन सक्ने मानवीय तथा प्राविधिक कारणले हुन सक्ने जोखिमलाई सञ्चालन जोखिम मानिन्छ । तर बैङ्क विश्वासमा अडेको व्यवसाय हो । विश्वासको आधारमा नै व्यक्ति तथा संस्थाहरूले खर्बौं रकम बचत गर्दा र विश्वासकै कारण अन्य बैङ्क तथा व्यावसायिक संस्थाहरूले उक्त रकम कर्जा स्वरूप लिँदा बैङ्किङ व्यवसाय सम्भव भएको हो । तसर्थ बैङ्क भनेको प्रतिष्ठामा अडेको व्यवसाय पनि हो । आधुनिक बैङ्किङमा प्रतिष्ठा जोखिमको पनि विश्लेषण गर्ने गरिन्छ । नेपालमा हाल अर्थतन्त्रमा समस्या आइरहेको र कर्जा लिएका व्यक्ति तथा व्यवसायीहरूको कर्जा भुक्तानी क्षमतामा ह्रास आइरहँदा त्यसले समाजलाई वित्तीय अराजकताको बाटोमा डोहोर्याइरहेको छ । यसले नेपाली बैङ्किङ उद्योगलाई प्रतिष्ठाको जोखिममा धकेलिरहेको छ ।

बैङ्क तथा वित्तीय संस्थाहरू प्रतिष्ठा र विश्वासले बनेको विशिष्ट संस्था हुन् । आफ्ना स्टेक होल्डर, ग्राहक, लगानीकर्ता, समाज तथा सरकारको चाहना पूरा गर्न नसक्ने अवस्थालाई हामी प्रतिष्ठा अर्थात् रेपुटेसनल जोखिम बढेको भन्छौं । त्यो जोखिम नेपालमा मात्र नभएर विश्वमा नै देखापर्न थालेको छ । यसका लक्षणहरूमा पहिलो, हाल ऋणीहरू अधिक ब्याजदरबाट ग्रसित छन् । उनीहरू बैङ्कहरूसँग रुष्ट छन् । दोस्रो, लगानीकर्ताहरू पहिलेकै झैं लगानीमा प्रतिफल खोजिरहेका छन् । त्यो हाल सम्भव छैन । तस्रो, नेपाल राष्ट्र बैङ्क आफूले दिएका निर्देशनहरू हुबहु लागू होस् भन्ने चाहन्छ । तर नेपाले जस्तो कच्चा अर्थतन्त्रमा यो सम्भव छैन । यस्तै वित्तीय अराजकताका बीच कुनै दिन सहकारीले जस्तै बैङ्कले पनि निक्षेप फिर्ता गर्न नसक्ने हुन् कि भन्ने आशङ्का निक्षेपकर्ताले गरिरहेका छन् । यो नै प्रतिष्ठाको जोखिमको अवस्था हो ।कुनै पनि अर्थव्यवस्था बैङ्क तथा वित्तीय संस्थाबिना परिकल्पना गर्न सकिँदैन । अझ पुँजीवादी अर्थतन्त्र र हाम्रो जस्तो सुधारिएको समाजवादमा त झनै सम्भव छैन । फेरि सरकारी लगानीका बाहेक निजी क्षेत्रका बैङ्क तथा वित्तीय सस्थाहरूको उद्देश्य नै नाफा गर्नु हो । जसका लागि आम्दानी अपरिहार्य आवश्यकता हो । निजी क्षेत्रका बैङ्क तथा वित्तीय संस्थाहरूको यो उद्देश्यसँगै देश र समाजको उद्देश्य पनि पूरा गर्ने भनेको राष्ट्र बैङ्कको नीतिले हो । विगत केही समयदेखिका राष्ट्र बैङ्कका नीतिहरू हेर्दा उपभोग घटाउनकै लागि बैङ्कको ब्याजदर बढाउने नीति पनि असामान्य अवस्था आउने एक कारण हो । नभए ७ प्रतिशत हाराहारीमा रहेको आधार दर बढेर १२ प्रतिशत हाराहारीमा पुग्ने थिएन । आधार दर नबढेको अवस्थामा निजी क्षेत्रमा गएको कर्जाको ब्याजदर यसरी आकासिने थिएन । एकातर्फ बैङ्कको ब्याज बढ्नु, अर्कोतर्फ वस्तु तथा सेवाको माग घट्नु र ब्यापार भएकोमा पनि नगद प्रवाहको कारण उधारो उठ्न नसक्दा निजी क्षेत्र प्रताडित छ । यसरी अर्थतन्त्र असामान्य दिशातर्फ अगाडि बढेको छ । हालै अमेरिकाको १६औं ठूलो वाणिज्य बैङ्क सिलिकन भ्याली बैङ्क कर्जा नउठेको कारण तरलता व्यवस्थापन गर्न नसक्दा बन्द हुन पुगेको छ । विश्वभर करिब ८ हजार ५ सय कर्मचारीसहित करिब १७५ बिलियन अमेरिकी डलर बराबर निक्षेप रहेको सिलिकन भ्याली बैङ्क ४० वर्ष पुरानो बैङ्क हो ।

सन् २००८ मा लेहम्यान ब्रदर्स बैङ्क बन्द भएपछिको विश्व अर्थतन्त्र नै मन्दीमा धकेलिएको थियो । फेरि अवस्था दोहोरिने हो कि भन्ने शङ्का गर्न थालिएको छ । विश्व बैङ्कले समेत २०२३ मा विश्व अर्थतन्त्रमा मन्दी आउने चेतावनी दिएको छ । उसले सन् २०२३ मा विश्व अर्थतन्त्रको वृद्धिदर १.७ प्रतिशत रहने प्रक्षेपण गरेको छ । नेपालले समेत यो अवस्थालाई मध्यनजर गर्दै आफ्नो अर्थतन्त्रलाई सुरक्षित गर्न आवश्यक छ ।नेपाली बैङ्किङ उद्योग र अमेरिकी बैङ्किङ उद्योगबीचमा अहिले केही समान समस्या छन् । दुवै अर्थतन्त्रमा ब्याजदर अधिक बढेको छ । ऋणीहरूले समयमा नै ब्याज किस्ता फिर्ता गर्न सकिरहेका छैनन् । उच्च ब्याजदरका कारण सेयर बजार दबाबमा रहेको छ । कतिपय कर्जाहरू सेयर मूल्यभन्दा धेरै तल गइसकेको छ । नेपाली अर्थतन्त्रमा पनि जोखिमको रातो बत्ति बलिसकेको छ । यसलाई सम्बन्धित निकायले नीतिगत सुधार गरी कार्यक्रमहरू कार्यन्वयन गर्न ढिला भइसकेको छ । कतिपय ठूला ऋणीहरू नै बैङ्कको कर्जा नतिर्ने भन्दै आन्दोलन गरिरहेका छन् । २० लाखभन्दा कम कर्जा पूर्ण रूपमा मिनाहको माग राखी आन्दोलमा छन् । निजी क्षेत्रको ब्यापारीहरूको संस्था उद्योग वाणिज्य महासंघकै कतिपय जिल्ला समितिहरू नै बैङ्कमा निक्षेप नराख्नेदेखि बन्द गर्नेसम्मका आन्दोलन गरिरहेका छन् । सर्वसाधारण जनतालाई बैङ्कहरू लुटेरा हुन् भन्ने खालका सूचना प्रवाह गरिरहेका छन् । यो वित्तीय अराजकता बेलैमा नरोक्ने हो भने बैङ्कहरूको प्रतिष्ठा शून्य हुनेछ । कुनै दिन भएका वाणिज्य बैङ्कहरू नै बन्द हुने स्थिति नआउला भन्न सकिन्न । तसर्थ यस्तो अवस्था आउन नदिन निजी क्षेत्र, नेपाल सरकार, राष्ट्र बैङ्क, बैङ्क तथा वित्तीय संस्थाहरू र स्वयं सर्वसाधारण जनता सचेत हुन आवश्यक छ । कोभिड, रसिया-युक्रेन युद्धले विश्व अर्थतन्त्रलाई अधिक मूल्य वृद्धि र मन्दीमा धकेलेको छ । यसले नेपाल जस्तो कमजोर अर्थतन्त्रलाई झनै सकस दिएको छ । विश्व परिवेश, नेपाल राष्ट्र बैङ्कका कतिपय गलत नीति, नेपाल सरकार र राष्ट्र बैङ्कबीचको टकराव, जसरी पनि नाफा कमाउनुपर्छ भन्ने बैङ्क तथा वित्तीय संस्थाहरू, आफूले कबुल गरेर लिएको कर्जा नतिरे पनि हुन्छ भन्ने सोच राख्ने केही ऋणी सबका कारण नेपालको अर्थतन्त्रमा वित्तीय अराजकता निम्तिएको छ ।

सर्वसाधारणलाई बैङ्कप्रति नकारात्मक भावना जागृत गराउने प्रयास भएको छ । यो नेपालको बैङ्किङ उद्योग र वित्तीय क्षेत्रलाई प्रतिष्ठा जोखिमको रातो बत्ति हो । यसबाट उम्कने पहिलो प्रयास भनेको नेपाल सरकार, नेपाल राष्ट्र बैङ्कको नीतिगत प्रयास नै हो । एक जना दुई जना ऋणीको मात्र नभई अधिक ऋणीमा समस्या देखिनु भनेको अर्थतन्त्रमा समस्या हुनु हो । तसर्थ ऋणीहरूले पनि कर्जा भुक्तान गर्दिनँ नभनी सकेको ब्याज किस्ता आजै बुझाउने र नसकेकोमा नेपाल राष्ट्र बैङ्कले ल्याएको सहजताको नीतिअनुसार भुक्तान गर्न आवश्यक छ । सर्वसाधारणको निक्षेप सङ्कलन गरेका बैङ्क तथा वित्तीय संस्थाबाट लिएको कर्जा तिर्दिनँ भन्नु वित्तीय अपराध हो । तसर्थ यस्ता कुरालाई प्रस्रय दिनेहरूप्रति सरकार शून्य सहनशील हुन आवश्यक छ । जोखिमको डिलमा पुगेको नेपाली बैङ्किङ उद्योगलाई सबै मिली बचाउनु आजको अपरिहार्य आवश्यकता हो ।

*(साभार : रातोपाटी)*

# विप्लवको लगातार ज्यानको धम्कीबारे सरकार मूकदर्शक



काठमाडौं/सर्वोच्च अदालतले प्रधानमन्त्री तथा माओवादी केन्द्र अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड विरुद्धको रिट निवेदन दर्ता गर्न आदेश दिएपछि माओवादी घटकहरुले विरोध गरिरहेका छन् । राजनीतिक प्रतिवादहरुकै बीच सबै संयम गुमाएर बोलिरहेका छन् नेत्रविक्रम चन्द 'विप्लव' ।

एक साताअघि उनले आफूहरुविरुद्ध बोल्नेलाई 'ठेगान लगाइदिने' धम्की दिएका थिए । त्यसको अर्को दिन उनैले 'सशस्त्र हिंसाको इतिहास दोहोऱ्याउने' धम्की फेरि दिए । बुधबार माओवादी युद्धबारे बोल्नुअघि 'आफ्नो जीवनको ख्याल गर्न' भन्दै ज्यानको धम्की दिएका छन् ।

'एकीकृत जनक्रान्ति' भन्दै केही वर्षअघिसम्म स्वयं प्रचण्ड माथि नै भौतिक आक्रमणमा समेत ओर्लिएको विप्लव समूह तत्कालीन केपी ओली सरकारसँग आकस्मिक सम्झौतापछि लगभग निष्क्रिय थियो । सोही नेकपाका महासचिव विप्लव हिजोआज कहिले प्रधानमन्त्री प्रचण्ड बसेकै मञ्चबाट, कहिले अन्य ठाउँबाट आफूहरुविरुद्ध आलोचना गर्नेलाई खुल्लमखुल्ला ज्यानको धम्की दिइरहेका छन् ।

विप्लवका यस्ता धम्कीबारे अहिलेसम्म सरकारको कुनै प्रतिक्रिया प्राप्त छैन । बुधबार पनि यस्तै भयो । राजधानीमा आयोजित एक कार्यक्रममा विप्लवले द्वन्द्वकालीन मुद्दा फेरि उठाउन खोजिएको भन्दै त्यसमा संलग्नहरुलाई 'आफ्नो जीवनको ख्याल गर्न' धम्की दिए ।

'जनयुद्ध जनताले लडेको युद्ध हो । त्यो युद्धलाई अपवादको रुपमा अपराधीकरण गरिंदैछ । लडेको मान्छेलाई अपराधीकरण गरिंदैछ' राजधानीमा आयोजित एक कार्यक्रममा उनले भने, 'यसलाई कुनै पनि हालतमा छुट दिन सकिंदैन । जो आपराधिक करार गर्ने उद्देश्यले आएको छ, त्यसले आफ्नो जीवनको पनि ख्याल गर्नुपर्छ ।'

विप्लवले यसअघि पनि शान्ति प्रक्रिया भाँड्न खोजिएको भन्दै संक्रमणकालीन न्यायको प्रक्रिया भाँड्न खोजे नराम्रो हुने चेतावनी दिएका थिए । साथै उनले जनताले लडेको युद्धसम्बन्धी विवाद जनताले नै टुंग्याउनुपर्ने भनी अभिव्यक्ति दिइरहेका छन् ।

विप्लवले यस्ता धम्की दिनुअघि प्रधानमन्त्री प्रचण्डकै नेतृत्वमा पूर्व माओवादी घटकहरुको बैठक बसेको थियो । २६ फागुनको बैठकले शान्ति प्रक्रिया भाँड्न खोजिएको निष्कर्ष निकाल्दै त्यसको प्रतिवाद गर्ने चेतावनी दिएको थियो ।

उनीहरुले बालुवाटारमा बैठक गरी राजनीतिक आन्दोलनलाई अपराधीकरण गर्न खोजिएको भन्दै सामूहिक प्रतिवाद गर्ने निर्णय गरेका थिए । त्यसलगत्तै गत आइतबार पत्रकार सम्मेलन गरेर पूर्वमाओवादी घटकहरुले माओवादी आन्दोलनलाई अपराधीकरण नगर्न चेतावनी दिए ।

संचारकर्मीले विप्लवका शृंखलाबद्ध धम्कीबारे सरकार के सोचिरहेको छ भनी प्रधानमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकार हरि बोल गजुरेललाई सोध्यो । उनले सर्वोच्चको आदेशबाट उत्पन्न आशंकामाथिको प्रतिक्रिया भनी सीमित टिप्पणी गरे ।

'सर्वोच्च अदालतको आदेशले केही आशंकाहरु पैदा गरेको छ, त्यसको प्रतिक्रिया स्वरुप उहाँहरुले आफ्नो भनाइ राख्नुभएको हो । संक्रमणकालीन न्याय अघि बढाउने विधिबाट शान्ति प्रक्रिया टुंगियोस् भन्ने चाहना हो' सल्लाहकार गजुरेलले भने, 'यस्तै परिस्थितिलाई विचार गरेर सरकारले संक्रमणकालीन न्यायका दुई विधेयक संसदमा पेश गरेको छ । छिटोभन्दा छिटो प्रक्रिया अघि बढाएर संक्रमणकालीन न्यायको थाती रहेका मुद्दा टुंग्याउनु नै उचित हुन्छ ।'

वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी अदालतमा विचाराधीन विषय र संक्रमणकालीन न्यायसँग जोडिएको सवालमा यसरी धम्की आउनुलाई अशोभनीय र आपत्तिजनक ठान्छन् ।

'राजनीतिक दलले संगठित रुपमा निर्णय गर्नु र यसरी नागरिकको ज्यानमाथिको सुरक्षामा चुनौती हुने गरी धम्की आउनु आपत्तिजनक हो' उनी भन्छन्, 'अदालतमा विचाराधीन विषयमा यस्तो भएपछि स्वतन्त्र र निष्पक्ष न्यायसम्पादनमा बाधा-व्यवधान आउँछ ।

केही वर्षअघि आफूलाई कैद सजाय तोकिएपछि माओवादी नेता बालकृष्ण ढुंगेलले केही न्यायाधीशहरुको नाम लिंदै उनीहरुमाथि आक्रमण गर्ने चेतावनी दिएका थिए । त्यसलगत्तै सर्वोच्च अदालतको आदेशबाट उनी पक्राउ परे र पछि कैदमुक्त भए । त्यतिबेला ढुंगेलविरुद्ध मुद्दा हालेका वरिष्ठ अधिवक्ता त्रिपाठी अहिले त्यतिबेला भन्दा पनि भययुक्त वातावरण बनाउन खोजिएको बताउँछन् ।

'त्यतिबेला त बरु एउटा व्यक्तिले राज्यसंयन्त्रलाई चुनौती दिएको थियो, अहिले त संगठित रुपमा नै प्रतिवाद गर्ने निर्णय गरेर नेताहरुले जीवन अप्ठेरोमा पर्छ भनेर धम्की दिनु आपत्तिजनक हो' उनी भन्छन्, 'राज्यले व्यवस्था गरेको प्रधानमन्त्रीको निवासमा बैठक बस्नु र त्यसपछि बाहिरिएर नियमित रुपमा धम्की दिनु त कानुनी शासनमाथि गम्भीर चुनौती हो ।'

# आन्तरिक राजस्वमा आयकर र भ्याटबाटै धक्का



काठमाडौं/चालु आर्थिक वर्ष (आव) २०७९/८० को ८ महिना (फागुन मसान्त) बितिसक्दासम्म सरकारले कुल राजस्व संकलनको मात्र ४३.५३ प्रतिशत प्रगति गरेको छ । समयका हिसावले यस आवको दुई तिहाई समय व्यतित भइसकेको छ । यसो हुनुमा भन्सार र आन्तरिक दुवै प्रकृतिको आम्दानीले भूमिका खेलेको हो ।

आन्तरिक राजस्वमा आयकर र भ्याट ठूलो आम्दानीको स्रोत हो । यी दुवै शीर्षकको राजस्व लक्ष्य भन्दा निकै कम उठेको छ । यसले समग्र राजस्व संकलन नै प्रभावित भएको विभागले जनाएको छ ।

आन्तरिक राजस्व विभागले फागुन मसान्तसम्म ३ खर्ब ५३ अर्ब ९१ करोड रुपैयाँ राजस्व संकलनको लक्ष्य राखेको थियो । जसमा फागुनसम्म २ खर्ब ८१ अर्ब ९९ करोड रुपैयाँ मात्र संकलन भएको छ । यो लक्ष्यको तुलनामा ७९.६८ प्रतिशत मात्र प्रगति हो । फागुनसम्मको तथ्यांक अनुसार विभागले गत वर्षको यसै अवधिको जति पनि राजस्व उठाउन नसकेको देखिएको छ । अघिल्लो फागुनसम्म आन्तरिक राजस्व २ खर्ब ८५ अर्ब १२ करोड रुपैयाँ उठेको थियो । जुन चालु आवको फागुनको तुलनामा १ प्रतिशत धेरै हो ।

विभागको तथ्यांक अनुसार आन्तरिकतर्फ फागुन महिनामा समेत लक्ष्यको मात्र ८७.५४ प्रतिशत राजस्व संकलन भएको छ । यस महिनामा ३३ अर्ब ११ करोड रुपैयाँ राजस्व उठाउने लक्ष्य थियो । संकलन भने २८ अर्ब ९८ करोड ८६ लाख रुपैयाँ मात्र भएको छ ।

**आयकर ७३ र भ्याट ८३ प्रतिशत मात्र**

तथ्यांक अनुसार यस आवको फागुन महिनासम्म आयकर लक्ष्यको ७३.९८ प्रतिशत मात्र संकलन भएको छ । भ्याट भने ८३.३२ प्रतिशत संकलन भएको छ । फागुनसम्म विभागले १ खर्ब ५८ अर्ब रुपैयाँ आयकर संकलनको लक्ष्य राखेको थियो । संकलन १ खर्ब १७ अर्ब रुपैयाँ मात्र भएको छ । आन्तरिकतर्फ मूल्य अभिवृद्धि कर (भ्याट) ८२ अर्ब ५४ करोड संकलनको लक्ष्य राखिएकोमा ६८ अर्ब ७७ करोड रुपैयाँ मात्र संकलन भएको छ । यी दुई शीर्षकको करले मुलुकको आन्तरिक अर्थतन्त्र कति चलायमान छ भन्ने समेत संकेत गर्छ ।

यसबाहेक अन्तशुल्कमा ७६ अर्ब ८२ करोडको लक्ष्य राखिएकोमा ६४ अर्ब ८१ करोड रुपैयाँ मात्र संकलन भएको छ । ब्याजकर २८ अर्ब २९ करोड रुपैयाँको लक्ष्य राखिएकोमा २३ अर्ब ८६ करोड रुपैयाँ मात्र संकलन भएको छ । घर बहाल कर २ अर्ब १४ करोडको लक्ष्य राखिएकोमा १ अर्ब ६९ करोड मात्र संकलन भएको छ । उता, भन्सारतर्फ भने फागुनसम्म २ खर्ब ५० अर्ब रुपैयाँ मात्र राजस्व संकलन भएको छ । यस अवधिमा सरकारले भन्सारबाट ३ खर्ब ७५ अर्ब रुपैयाँ राजस्व संकलनको लक्ष्य राखेको थियो ।

## रुकुम पुगेर पल शाहले भने :

# 'अब त जेल भन्ने वितिक्कै डर लाग्छ'



काठमाडौं/एक घटनाका कारण एक वर्ष जेल जीवन विताएर गत फागुन १५ गते रिहाइ भएका अभिनेता तथा मोडल पल शाह एक वर्षपछि पहिलो पटक सार्वजनिक कार्यक्रममा सहभागी भएका छन् । चार्टर्ड हेलिकप्टरमार्फत् उनी बुधबार जनयुद्धको उद्गम थलो रुकुममा जारी रुकुम महोत्सवमा सहभागी भएका हुन्, जहाँ उनलाई हेर्नकै खातिर करिब ३० हजार बढी दर्शकहरु उपस्थित भएका थिए ।

उनी बोल्दा सिट्टी र तालीको वर्षात भएको थियो भने 'पल दाई हाई-हाई', 'पल शाह आई लभ यू' जस्ता नारा पटक-पटक लागेको थियो । पलले पनि आफूप्रति देखाएको मायाको सम्मानमा कहिले हात हल्लाएर धन्यवाद प्रकट गर्थे त कहिले हाँसोले प्रेम दर्शाउँथे । उनले आफू एक वर्ष जेलभित्र बस्दा लाखौं आमा-बुबा, दिदी-बहिनी, दाजु-भाई तथा साथीहरु कमाएको भन्दै खुसी व्यक्त गरे ।

उनले भने, 'मेरो एक वर्षको जेल बसाईं भयो । अब त जेल भन्ने वितिक्कै डर लाग्छ । मलाई पहिला मेरो घरमा आमा-बुबा, बहिनी र दाई हुनुहुन्छ जस्तो लागेको थियो । तर, जब जेलभित्र बसें, जेल नभनौं विश्वविद्यालय । त्यहाँ बस्दाखेरि मैले लाखौं-हजारौं आमा-बुबा, साथी, दाजु-भाई, दिदी-बहिनीहरु पाएँ ।' उनले म्यूजिक भिडियोबाट आफू दर्शकमाझ आउन लागेको पनि जानकारी गराए ।

एक वर्षअघि आफ्नो युट्युब च्यानलमा सार्वजनिक भएको 'तिमीलाई हेर्ने बानी पऱ्यो'को फिमेल भर्सनमा आफूले काम गर्न लागेको पलले बताए । दर्शकको भीडबाट फिल्ममा पनि आउनुपर्छ भन्ने ठूलो आवाज सुनेपछि उनले आफू फिल्ममा पनि चाँडै फर्किने विश्वास दिलाए । उनले महोत्सवमा आफ्नै फिल्म 'म यस्तो गीत गाउँछु २'को 'तिम्रो घरको वरिपरि' गीत गाएर पनि सुनाएका थिए ।

# 'प्रेमा' हिन्दी र तेलुगू भाषामा पनि तयार




काठमाडौं/डेब्यू फिल्म 'रणवीर'बाट निर्देशनमा राम्रो सम्भावना देखाएका गोविन्द सिंह भण्डारीद्वारा निर्देशित फिल्म 'प्रेमा'लाई हिन्दी र तेलुगू भाषामा स्वरांकन (डब) गरिएको छ । नेपालमा प्रदर्शनपछि फिल्मलाई भारतको ओटीटी प्लेफर्ममा रिलिज गर्ने योजनामा निर्देशक भण्डारी छन् । बुधबार राजधानीमा आयोजित गीत सार्वजनिक कार्यक्रममा तेलुगू भाषाको ट्रेलर पत्रकारहरुलाई देखाइएको थियो ।

नेपाली फिल्मको बजार अन्य मुलुकमा पनि खोज्नुपर्छ भन्ने उद्देश्यले 'प्रेमा'को हिन्दी र तेलुगूमा डबिङ गरिएको निर्देशक भण्डारीले बताए । उनले भने, 'हलिउडदेखि बलिउडसम्मले अन्य देशमा पनि आफूलाई फैलाएका छन् । हामीले पनि त्यो गर्नुपर्छ भन्ने सोचले फिल्मको हिन्दी र तेलुगूमा डबिङ गरेका हौं । भारतमा फिल्मलाई हलमा भन्दा पनि ओटीटी प्लेटफर्ममा रिलिज गर्ने उद्देश्य छ ।'

बुधबार सार्वजनिक गरिएको 'फूल यो चुँडेर' गीतमा एसडी योगीको स्वर, सबिन एकतारेको शब्द रचना र सुशान्त गौतमको संगीत छ । फिल्मका प्रमुख पात्रहरु शुभेक्क्षा खड्का, सृष्टि श्रेष्ठ र अरुण क्षेत्री प्रस्तुत गीतले प्रेम वियोग बोल्छ । गीतमा अरुणले रियालिटी शो 'सुर सितारा'मा गीत गाएर प्रेम पीडा पोखेका छन् । फिल्म त्रिकोणात्मक प्रेमकथामा आधारित रहेको गीतबाट पनि प्रष्ट हुन्छ । यही चैत १७ गतेबाट प्रदर्शन हुन लागेको फिल्ममा विमला केसी, हिउँवाला गौतम, पुरण जोशी, सबिन बास्तोला, रोशनी स्याङबो, प्रकाश बस्नेत, महान थापा, सुरेन्द्र बसेल, भिभियाना थपलिया (काजु)को पनि अभिनय छ । निर्देशक भण्डारी र विवेक घिमिरे निर्माता रहेको फिल्मको कार्यकारी निर्माता सामर्थविक्रम थापा हुन् । यो फिल्म बाघठाटा फिल्म फ्याक्ट्रीको व्यानरमा बनेको हो ।

# दुई वर्षे श्रम स्वीकृतिको प्रावधान हट्यो



काठमाडौं/सरकारले वैदेशिक रोजगारीका लागि दिने गरेको दुई वर्षे श्रम स्वीकृतिको प्रावधान हटाएको छ । श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका अनुसार प्रधानमन्त्री स्तरको निर्णयबाट यस्तो प्रावधान हटाइएको हो ।

अब सबै कामदारले गन्तब्य मुलुकबाट प्राप्त गरेको कार्य अनुमति/रोजगारदाता र श्रमिकबीच भएको कार्य सम्झौताका आधारलाई नै अवधि तोकिनेछ र सोही आधारमा श्रम स्वीकृति दिइने भएको छ ।

मन्त्रालयका अनुसार यस अनुसार वैदेशिक रोजगारीमा दुई वर्षे प्रावधान राख्दा कामदारको कार्य अवधि र भिसा अवधि छँदै श्रम स्वीकृति लिन बीचमा नै नेपाल आउनु पर्ने बाध्यता हट्ने छ । विदेशमा बस्दा पनि आफ्नो मुलुकले दिएको श्रम स्वीकृतिको अवधि नपाई बस्नु पर्ने अवस्थाले बढी झमेलामा कामदार फस्ने गरेको गुनासोपछि सरकारले यस्तो निर्णय लिएको बताएको छ ।

**पुन: श्रम स्वीकृति लिन नेपाल आउन नपर्ने**

मन्त्रालयका अनुसार अब पुन: श्रम स्वीकृति लिन समेत नेपाल आउनु पर्ने छैन । पुन: श्रम स्वीकृतको प्रावधान प्रभावकारी रुपमा कार्यान्वयनमा नआउँदा विदेशमा काम गर्ने कामदारले धेरै दु:ख पाएको, पुन: स्वीकृति लिन नेपाल आउनु पर्ने भएको र पुन: श्रम स्वीकृति नभएको बेला भवितब्य परी मृत्यु भएका बेला पाउने राहत र उद्धारको सुविधा नपाएका कारण अब गन्तब्य मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगबाटै पुन: श्रम स्वीकृति दिन सकिने गरी निर्णय भएको समेत मन्त्रालयले जनाएको छ । यसका लागि बैंकिङ र मोवाइल एपबाट नेपालका खातामा रकम जम्मा गर्न सक्ने व्यवस्था समेत मन्त्रालयले गर्न लागेको सहसचिव डुण्डुराज घिमिरेले जानकारी दिए ।

# बालुवाटारमा तयार भयो प्रधानमन्त्रीको सार्वजनिक भवन



काठमाडौं/ प्रधानमन्त्रीको सरकारी निवास, बालुवाटारमा सार्वजनिक भवन पनि सञ्चालनमा आएको छ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले राजनीतिक भेटघाटहरु बुधबारदेखि सार्वजनिक भवनमा गर्न थालेका हुन् । शहरी विकास तथा भवन निर्माण विभागका महानिर्देशक सुरेन्द्रमोहन श्रेष्ठ भन्छन्, 'इन्टेरियर सहित सबै काम सकिएको छ । सम्माननीय (प्रधानमन्त्री) ले बुधबार देखि बैठकहरु गर्न थाल्नुभएको छ ।'

सार्वजनिक भवनमा प्रधानमन्त्री प्रचण्डले बुधबार विहान प्रदेश प्रमुखहरुसँग भेटघाट गरेका थिए भने अपरान्ह सत्तारुढ १० दलका शीर्ष नेताहरुको बैठक राखेका छन् ।

**प्रधानमन्त्रीको नयाँ निवासमा के छ ?**

प्रधानमन्त्रीको पुरानो निवास साँघुरो भएको भन्दै नयाँ भवन बनाउने निर्णय भएको थियो । त्यसअनुसार साढे ३३ करोड रुपैयाँ लागतमा प्राइभेट ब्लक (आवास भवन) र पब्लिक ब्लक (सार्वजनिक भवन) बनाउन थालिएको थियो ।

प्रधानमन्त्रीको आवास भवन तीन तलाको छ र त्यसमा २२ वटा कोठा छन् । तल्लो तलामा भान्सा, भोजन कक्ष र लबि छन् भने दोस्रो तलामा बैठक र शयन कक्ष छन् । यस्तै माथिल्लो तलामा दुई वटा पाहुना कोठा, शयन कक्ष, लबि, भोजन कक्ष, पूजाकोठा र हलसमेत छ । यो भवन मंसिरमै तयार भएको थियो ।

सार्वजनिक भवन भने हालै तयार भएको छ । यो पनि तीन तलाकै छ । अब प्रधानमन्त्रीले पाहुना भेटघाट यही भवनमा गर्नेछन् । यहाँ मन्त्रिपरिषद् बैठकका लागि छुट्टै कोठा बनाइएको छ । मिडिया कक्ष र सचिवालय पनि राखिएको छ । बंकर समेत भएको दुबै भवन नेपाली परम्परागत शैलीमा बनाइएको छ ।

# 'झिंगेदाउ'ले ज्ञानेन्द्र देउजालाई दिएको पूर्नजन्म

काठमाडौं/कलाकार हुन् वा निर्देशक, हिट फिल्मको भोका दुवै हुन्छन् । किनकि, फिल्म हिट हुँदा करिअर सन्तुलित रहन्छ । चर्चा र कामको कमी हुन्न । फिल्ममा लामो यात्रा गर्नका लागि यी दुई कुराको तालमेल हुन अत्यावश्यक हुन्छ । तर, फिल्म बनाउन जति गाह्रो छ, व्यावसायिक रुपमा सफल हुन त्योभन्दा मुश्किल छ । अहिलेको अवस्थामा त झन् फिल्म हिट दिन सक्नु इतिहास रच्नु बराबर हो ।

यसमानेमा ज्ञानेन्द्र देउजाले इतिहास रचे भन्दा गलत नहोला । किनकि, उनले यो वर्ष 'झिंगेदाउ' जस्तो हिट फिल्म दिएका छन् । न ब्रान्ड नाम, न हिट फिल्मको सिक्वेल, न आक्रामक प्रचार, न ठूला स्टार, सिर्फ मौलिक कन्टेन्ट र परिपक्व निर्देशनकै भरमा फिल्म सफल बन्यो । यो फिल्मले देउजालाई निर्देशनमा नै पूर्नजन्म गराएको छ । किनकि, 'हिफाजत'यता उनका फिल्म सफल थिएनन् ।

उनले फिल्म 'बुद्ध वर्न इन नेपाल' रिलिजको ७ वर्षपछि 'झिंगेदाउ'बाट निर्देशनमा पुनरागमन गरेका थिए । र, कमब्याक नै उनको धाँसु भयो । अहिले उनको हातमा फिल्मको कमी छैनन् । उनी आफैं 'झिंगेदाउ २' बनाउने तयारीमा छन् भने आगामी बैशाखबाट रेखा थापाको निर्माण र अभिनय रहने फिल्मको निर्देशन गर्दैछन् । उनीसँग निर्माता छविराज ओझाको फिल्म 'जेल ब्रेकर' पनि छ ।

'झिंगेदाउ'को सफलता पछि उनको निर्देशनमा विश्वास गर्ने निर्माता मात्र बढेका छैनन्, स्टार कहलिएका कलाकारहरु समेत उनको नाम जप्न थालेका छन् । रेखा थापाले यसै उनलाई आफ्नो फिल्मको निर्देशनको कमान्ड सुम्पिएकी होइनन् र पूजा शर्मा यसै काम गर्न राजी भएकी होइनन् । दर्शकको नाडी छामेर राम्रो फिल्म बनाउन सक्छन् भन्ने विश्वास उनीप्रति 'झिंगेदाउ'बाटै पलाएको हो ।

हुन त कुनै बेलाका उनी हिट मेशिन हुन् । उनका 'बरमाला', 'हामी ट्याक्सी ड्राइभर', 'हिफाजत', 'देवर बाबु' सफल फिल्ममा पर्छन् । तर, डिजिटल युगसँगै नेपाली फिल्मको निर्माण शैलीदेखि दर्शकको रुचि समेत फेरिएको छ । यसैले देउजा एनलग जमानाको निर्देशक रहेको भन्दै रिलिजअघि 'झिंगेदाउ'लाई ख्यालख्याल सोचिएको थियो । तर, उनले आफूलाई निर्देशनमा पुन: सावित गरे ।

# रेजिना उप्रेतीले घोषणा गरिन् प्यानल, जेष्ठ कलाकारलाई पेन्सन दिन पहल गर्ने

काठमाडौं/यही चैत ४ गते हुन लागेको नेपाल चलचित्र कलाकार संघको निर्वाचनमा अध्यक्ष पदमा उम्मेदवारी दर्ता गराएकी अभिनेत्री रेजिना उप्रेतीले आफ्नो प्यानल घोषणा गरेकी छन् । बुधबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै उनले एजेन्डा सार्वजनिक र प्यानल घोषणा गरेकी हुन् । उनको प्यानलबाट शिवहरी नेपाल बैरागी र सरिता गिरी उपाध्यक्ष र पनाह अधिकारी महासचिवका उम्मेदवार छन् ।

त्यस्तै, रेजिनाको प्यानलको सचिवमा जीवन थापा र कोषाध्यक्षमा विनोद कुमार भट्टराई छन् भने सदस्यहरुमा खुश्बु खड्का, खिन्न भण्डारी, लक्ष्मण चौलागाईं, इश्वर बल्लभ उप्रेती, दिल ब. दोङ, रामकुमार कार्की, राजेश गोसाईं, नितु कोइराला, दिनेश अवाल, निर्मल स्याङ्तान र भिमसेन बजगाईं उम्मेदवार छन् । यो टिमले कलाकारको हकहितका लागि राम्रो काम गर्ने उनको दाबी छ ।

संघमा दुई कार्यकाल उपाध्यक्ष भइसकेकी उनले आफ्नो चुनावी एजेन्डामा ७० वर्ष नाघेका जेष्ठ कलाकारलाई मासिक पेन्सन भत्ता प्रदान गर्न पहल गर्ने, स्वास्थ्य उपचार योजना, कल्याणकारी कोष वृद्धि योजना, शाखा विस्तारलगायतका विषय समावेश गरेकी छन् । काम गर्न सकिने कुराहरुलाई मात्र एजेन्डामा राखेको बताउँदै रेजिनाले ती एजेन्डाहरु सम्पूर्ण पूरा गर्ने प्रतिबद्धता जनाइन् ।

उनले भनेकी छन्, 'यसपटक चलचित्र कलाकार संघमा मभन्दा पनि हामीको रुपमा अघि बढेका छौं । हामी सबै एक भएर संघमा उत्कृष्ट काम गर्ने अठोटका साथ म अध्यक्षमा उठेको छु । नेपाली फिल्ममा उत्कृष्ट काम गरिसक्नु भएका अग्रज तथा साथीहरुलाई मैले आफ्नो टिममा पाएको छु । हाम्रो टिमले प्रस्तुत गरेका सबै प्रतिबद्धता संघमा आएपछि पूर्ण रुपमा लागू गर्ने प्रण पनि गर्दछु ।'

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

"तपाई हामी सबैको कुरा"


साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com

# बागमतीका सांसदहरुले नै बुझाएनन् सम्पति विवरण

साझाकुरा संवाददाता



हेटौंडा, १ चैत/कानुनले तोकेको समयभित्र सम्पत्ति विवरण बुझाउनुपर्ने नैतिक दायित्वबाट बागमती प्रदेशका मुख्यमन्त्रीदेखि मन्त्री र सांसदहरु नै पन्छिएका छन् ।

सांसद भएर आउँदा र जाँदा आफ्नो सम्पत्ति विवरण जनतालाई थाहा दिएर पारदर्शी बन्नु मुख्यमन्त्री देखि सांसदहरुको नैतिक दायित्व हो । तर सम्पत्ति विवरणमाथि प्रश्न उठ्ने गरेकाले सांसदहरु सकेसम्म छल्न खोजेको विगतदेखिका घटना क्रमले देखाएको छ । यसअघि सरकारमा रहँदा निवर्तमान मुख्यमन्त्री राजेन्द्र प्रसाद पाण्डेदेखि हालका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले पनि सम्पत्ति विवरण नबुझाई सरकार छोडेका थिए । बागमतीमा ऐन कानुन निर्माण गर्ने सांसद तथा मन्त्रीहरुले नै कानुन मिच्ने गरेको पाइएको छ । प्रदेशका मुख्यमन्त्रीदेखि मन्त्री र सांसदहरु नै संसद्ले निर्माण गरेको ऐन कानुन पालना गर्न अटेर गर्ने गर्दछन् ।

मुख्यमन्त्री जम्कट्टेलसहित ८ जना सांसदले निर्धारित समय सीमामा बागमती प्रदेशसभा सचिवालय हेटौंडामा सम्पत्ति विवरण बुझाएका छैनन् । कानुन अनुसार सम्पत्ति विवरण बुझाउने समयावधि गुज्रिएपछि मात्र मुख्यमन्त्रीले सम्पत्ति विवरण बुझाए । संविधानमै व्यवस्था भए बमोजिम प्रदेशका मुख्यमन्त्री तथा मन्त्री र सांसदहरुले प्रदेशसभा सचिवालयमा तोकेको ढाँचा अनुसारको सम्पत्ति विवरण फारम भरेर बुझाउनु पर्ने हुन्छ । तर, मुख्यमन्त्री जम्कट्टेलसहित ८ सांसदले उक्त कानुनको बेवास्ता गरेका हुन् ।

भ्रष्टाचार निवारण ऐनको दफा ५० (१) र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन दफा ३१ (क) (१) अनुसार सार्वजनिक पद धारण गरेको व्यक्तिले शपथ लिएको ६० दिनभित्र आफ्नो सम्पत्ति विवरण सम्बन्धित निकायमा बुझाउनुपर्ने व्यवस्था छ । प्रदेशसभा सचिवालय हेटौंडाले गत फागुन १३ गतेसम्मको अवधिमा सम्पत्ति विवरण बुझाउन पटकपटक ताकेता गरे पनि निर्धारित समयमा उनीहरुले विवरण नदिएका हुन् । उनीहरुले प्रदेशसभा सदस्यको हैसियतमा शपथ ग्रहण गरेको मिति अनुसार फागुन १३ गतेभित्र आफ्नो सम्पत्ति विवरण बागमती प्रदेशसभा सचिवालयमा बुझाउनुपर्ने थियो ।

मुख्यमन्त्री जम्कट्टेलले फागुन २३ गते र सामाजिक विकास मन्त्री कुमारी मुक्तानले फागुन १७ गतेमात्रै सम्पत्ति विवरण बुझाए । यसैगरी सम्पत्ति विवरण नै नबुझाउने सांसदहरुमा नेपाली कांग्रेसका कञ्चन चन्द्र वादे, दिपेन्द्र श्रेष्ठ र याङकिला शेर्पा छन् । राप्रपाका गिरबहादुर तामाङ, डम्बर तामाङ र लक्ष्मी घिमिरेले पनि सम्पत्ति विवरण नबुझाएको संसद् सचिवालयले जनाएको छ । कांग्रेसका दिपेन्द्र श्रेष्ठ प्रदेशका पूर्व पर्यटनमन्त्री हुन् । यसैगरी राप्रपाका डम्बर तामाङले यसअघि शालिकराम जम्कट्टेलको मन्त्रिपरिषद्मा पर्यटन, उद्योग तथा सहकारी मन्त्रालयको जिम्मेवारी सम्हालेका थिए । केन्द्रीय सत्ता समीकरणमा फेरबदल भएपछि तामाङले मन्त्री पदबाट राजीनामा दिएका थिए ।

निर्धारित समय सीमाभित्र सम्पत्ति विवरण नबुझाउनेलाई भ्रष्टाचार निवारण ऐनअनुसार ५ हजार रुपैयाँ जरिवाना हुने व्यवस्था छ । तर, उनीहरुमाथि कानुनी कारबाही हुनेमै शंका छ । राजनीतिक पहुँचका भरमा कानुन मिच्ने सांसदहरुमाथि कारबाही हुनेमा आमनागरिकले शंका व्यक्त गर्दै आएका हुन् ।

## सुमार्गी, श्रेष्ठको टिमबाट उपाध्यक्ष लड्ने

साझाकुरा संवाददाता

हेटौंडा, १ चैत/ हेटौंडाका व्यवसायी अरुणराज सुमार्गी वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठको टिमबाट नेपाल उद्योग वाणिज्य महासंघको जिल्ला नगर उपाध्यक्ष पदमा चुनाव लड्ने भएका छन् ।

नेपाल उद्योग वणिज्य महासंघ (एफएनसीसीआई) को वरिष्ठ उपाध्यक्षको लागि अञ्जन श्रेष्ठले उम्मेदवारी घोषणा गरेका छन् । चैत २८ र २९ मा हुने महासंघको ५७ औं साधारणसभा तथा निर्वाचनमा श्रेष्ठले वरिष्ठ उपाध्यक्षमा उम्मेवारी दिने घोषणा गरेका हुन् । तीन वर्षका लागि कार्यकाल रहने महासंघमा हालका वरिष्ठ उपाध्यक्ष चन्द्र ढकाल स्वत: अध्यक्ष हुनेछन् । ढकालपछिको नेतृत्वको लागि श्रेष्ठले दाबी गरेका हुन् ।

नयाँ कार्यसमितिको चुनावका लागि श्रेष्ठले आफ्नो टिम तयार पारिसकेका छन् । घोषणापत्र सहित पुन: पूर्णटिम सार्वजनिक गर्ने श्रेष्ठको तयारी छ । साधारण सदस्य मार्फत् महासंघमा आबद्ध भएका श्रेष्ठ १५ वर्ष कार्यसमिति र एक कार्यकाल पदाधिकारी समेत भएर काम गरेको अनुभव छ ।

महासंघमा रहने विभिन्न उद्योग, राजश्व समिति र रोजगार दाता परिषद्मा बसेर काम गरेको अनुभवसमेत उनीसँग छ । आफ्नो टिम तयार भइसकेको तर, अहिल्यै सार्वजनिक नगर्ने उनले बताए । भन्छन् 'अझै पर्याप्त समय छ, राम्रो सशक्त टिम बनाएर घोषणा गर्छौं ।' उनको टिममा जिल्ला-नगर उपाध्यक्षमा अरुणराज सुमार्गी, एसोसिएट उपाध्यक्षमा ज्योत्सना श्रेष्ठ र वस्तुगत उपाध्यक्षमा मनिषलाल प्रधान समेटिएका छन् ।

लक्ष्मी ग्रुपका निर्देशक तथा महासंघका उपाध्यक्षसमेत रहेका श्रेष्ठ नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालका पूर्वअध्यक्ष समेत हुन् । पोखराका सफल व्यवसायीका रुपमा उदाएका श्रेष्ठ पुस्तौनी पेशामार्फत् व्यवसायमा छिरेका हुन् । उनको उत्पादनमूलकतर्फ सुजल फुड, सुजल प्लाष्टिक, सिद्धिलक्ष्मी स्टिल, सुजल डेरी छन् । व्यापारतर्फ जय माँ लक्ष्मी ट्रेडिङ, अटोमोटिभमार्फत् इलेक्ट्रोनिक्स लगायतका छन् । अर्ध सरकारी संस्थान साल्ट ट्रेडिङ कर्पोरेशनमा समेत श्रेष्ठको उल्लेख्य लगानी रहेको छ । श्रेष्ठले मुलुकभित्र व्यावसायिक वातावरण र लगानी सुरक्षाको वातावरण बनाउन परिवर्तनशील समयानुकूल नीति निर्माण गर्नको लागि पनि आफ्नो उम्मेदवारी रहेको उल्लेख गरे ।

## मकवानपुरका लघुवित्तमा नेकपाको झण्डा र ताला

हेटौंडा, १ चैत/ मकवानपुरमा सञ्चालित तीन वटा लघुवित्त संस्थामा धर्मेन्द्र बास्तोला नेतृत्वको नेकपा(बहुमत) पार्टीले झण्डा गाडेर तालाबन्दी गरेको छ ।

सर्वसाधारणलाई चर्को ब्याजदरमा ऋण दिएर मानसिक तनाव र दु:ख दिएको भन्दै नेकपा (बहुमत) मकवानपुरले जिल्लाको तीन वटा लघुवित्त संस्थामा पार्टीको झण्डा गाड्दै तालाबन्दी गरेको हो । बुधबार हेटौंडा उपमहानगरपालिकामा रहेका दुई वटा र बागमती गाउँपालिकामा रहेको एउटा लघु वित्तीय संस्थामा नेकपा बहुमत मकवानपुरले तालाबन्दी गरेको हो । हेटौंडा-४ स्थित छिमेक लघुवित्त वित्तीय संस्था, नेरुडे लघु वित्तीय संस्था र बागमती-७ स्थित जीवन विकास लघुवित्तमा तालाबन्दी गरिएको हो । वित्तीय संस्थालाई चेतावनीस्वरुप पहिलो चरणमा तालाबन्दी मात्रै गरेको नेकपाले जनाएको छ ।

## करेन्ट लागेर लामिछानेको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, १ चैत/ हेटौंडाका एक पुरुषको करेन्ट लागेर मृत्यु भएको छ । हेटौंडा उपमहानगरपालिका-१९ बस्तीपुर बस्ने अन्दाजी ४३ वर्षीय दीपक लामिछानेको मृत्यु भएको हो ।

बागमती प्रदेश प्रहरीका अनुसार चितवन खैरहनी नगर पालिका-१२, सिसनियास्थित आफ्नै दिदीको घरमा पुगेका लामिछाने पानी तान्ने मोटरको तारमा अचानक छुन पुग्दा करेन्ट लागि घाइते भएका थिए । घाइते लामिछानेको उपचारको क्रममा नयाँ मेडिकल कलेज भरतपुरमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

## 'आचारसंहिता उल्लङ्घनमा कांग्रेसलाई कारबाही होस्'

साझाकुरा संवाददाता

हेटौंडा, १ चैत/ मकवानपुरको क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभामा निर्वाचित नेकपा एमालेका सचेतक महेश बर्तौलाले उपराष्ट्रपति निर्वाचनमा नेपाली कांग्रेसले आचारसंहिता उल्लङ्घन गरेको भन्दै कारबाही गर्न माग गरेका छन् ।


शून्य समय सुरु भएपछि उपराष्ट्रपतिमा कसलाई भोट हाल्ने भन्ने निर्णय गरेर नेपाली कांग्रेसले निर्वाचन आचारसंहिता उल्लङ्घन गरेको बर्तौलाले बताए । यही ३ चैतमा उपराष्ट्रपति पदको निर्वाचन हुँदैछ । त्यसका लागि गएराति १२ बजेदेखि शून्य समय सुरु भएको छ । तर, कांग्रेसले निर्वाचन आचारसंहिता विपरित बुधबार उपराष्ट्रपतिका उम्मेदवार रामसहाय यादवको पक्षमा भोट हाल्न आफ्ना सांसद्हरुलाई निर्देशन दिने निर्णय गरेको बर्तौलाले बताए ।

'चैत ३ गते हुने उपराष्ट्रपतिको निर्वाचनको लागि हिजो राति १२ बजेदेखि शून्य समय प्रारम्भ भएको छ । शून्य समयमा कुनैपनि उम्मेदवारको पक्षमा मत माग्नु, निर्वाचनलाई प्रभावित गर्ने गरी उम्मेद्बारको पक्षमा निर्णय गर्नु वा प्रचार गर्नु निर्वाचन आचार संहिताविपरित हुन्छ', बर्तौलाले भने, 'तर, शून्य समय प्रारम्भ भैसकेको अवस्थामा नेपाली कांग्रेसले बैठक बसेर निर्वाचन आचारसंहिताविपरित उपराष्ट्रपतिमा रामसहायप्रसाद यादवको पक्षमा भोट हाल्न आफ्ना सांसद्हरुलाई निर्देशन गर्ने निर्णय गरेको छ', यसले निर्वाचनको मर्यादा, स्वच्छता र निष्पक्षतालाई समेत कमजोर बनाएको बर्तौलाको भनाइ छ । नेपाली कांग्रेसलाई कारबाहीको दायरामा ल्याउन निर्वाचन आयोगको ध्यानाकर्षण गराएको उनले बताए ।


"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"

आधुनिक सुन चाँदी पसल

हेटौंडा-२, पुरानो मकवानपुर रोड



हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।

प्रो. राजु सेन्चुरी

सम्पर्क नं. : ९८४५५३०५६३, ९८१५२२४३४३


## विद्यार्थीलाई शैक्षिक सामग्री सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, १ चैत/ हेटौंडामा रहेर सामाजिक कार्यमा सक्रिय राउण्ड टेबल नेपाल हेटौंडाले वार्षिक उत्सवको अवसरमा विद्यार्थीलाई खेलकुद तथा शैक्षिक सामग्री सहयोग गरेको छ ।

मकवानपुरगढी गाउँपालिका वडा नम्बर-५, स्थित खैरेनीमा रहेको आधारभूत प्राविमा पुगेर सामग्रीहरु वितरण गरिएको हो । वडा नम्बर ५ का वडाध्यक्ष दीपेश दाहालको प्रमुख आतिथ्यता तथा राउण्ड टेबल नेपाल हेटौंडाका प्रतिनिधिहरुको सहभागितामा सामग्री वितरण गरिएको हो ।

विद्यालयमा कक्षा नर्सरीदेखि ६ कक्षासम्म अध्ययन गर्ने विद्यार्थीहरुलाई खेलकुद तथा शैक्षिक सामग्री र खाजा खुवाएर संस्थाको वार्षिकोत्सव मनाइएको विद्यालयका शिक्षक अञ्जान चौलागाईले बताए ।

संस्थाको वार्षिकोत्सवको अवसरमा विद्यालयलाई २ कोठे भवनसमेत बनाइदिने प्रतिबद्धता व्यक्त गरेको विद्यालयका प्रधानाध्यापक प्रल्हाद घिमिरेले जानकारी दिए । यसअघि पनि उक्त संस्थाले विद्यालयलाई पिउने पानीको ट्याङ्की, भवनको जस्तापाता र रंगरोगनसमेत सहयोग गरिसकेको छ ।

## भीमफेदीमा अटो दुर्घटनामा एकको मृत्यु



साझाकुरा संवाददाता


हेटौंडा, १ चैत/ मकवानपुर जिल्लाको भिमफेदी गाउँपालिका-४, ठूलो गुन्डेङमा तीन पाङ्ग्रे सवारी अटो दुर्घटनामा परेको छ ।

दुर्घटनामा परी अटो चालक भीमफेदी गाउँपालिका-२, भैंसे बस्ने अन्दाजी ६५ वर्षीय सुब्बा बज्यु तामाङको मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

प्रहरीका अनुसार बुधबार दिउँसो ठूलो गुन्डेङस्थित भित्री सडकखण्डमा सानो गुन्डेङबाट भैंसेतर्फ आउँदै गरेको ना. २ ह ४६८९ नम्बर अटो अनियन्त्रित भई सडकबाट अन्दाजी ८०/९० मिटर तल खोल्सीमा खसेर दुर्घटना भएको थियो । घटनाको थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

## हेटौंडा ६ नम्बर वडामा पूर्ण खोप र संस्थागत सुत्केरी सुनिश्चितता घोषणा

साझाकुरा संवाददाता



हेटौंडा, १ चैत/ हेटौंडा उपमहानगरपालिकाको ६ नम्बर वडा पूर्ण खोप र पूर्ण संस्थागत सुत्केरी सुनिश्चितता भएको वडाको रुपमा घोषणा भएको छ ।

संघीय सरकारले थालेको पूर्ण खोप सुनिश्चितता गर्ने अभियानअन्तर्गत् उपमहानगरको पहिलो वडाको रुपमा हेटौंडा-६ ले पूर्ण खोप र पूर्ण संस्थागत सुत्केरी सुनिश्चितता वडा घोषणा गरेको हो । बुधबार हेटौंडा उपमहानगर पालिकाका प्रमुख मिनाकुमारी लामाले वडालाई पूर्ण खोप र पूर्ण संस्थागत सुत्केरी सुनिश्चितता वडा घोषणा गरेकी हुन् ।

नगरप्रमुख लामाले '१८ देखि २३ महिनाका बालबालिकाले २ वर्ष उमेरभित्र पूर्ण खोप पाएको तथा वडाका सबै गर्भवतीहरु स्वास्थ्य संस्थामा पुगेर सुत्केरी भएको सुनिश्चित गरिएको हुँदा' यसलाई भविष्यमा पनि कायम राख्ने प्रतिबद्धता पत्रमा हस्ताक्षण गरेकी थिइन् ।

नगर प्रमुख लामाले स्वास्थ्य सेवाको स्तर बृद्धिका लागि उपमहानगर लागिरहेको बताइन् । उनले स्वास्थ्यमा सुधारसँगै नगरलाई बालमैत्री घोषणका लागि सबैको सहयोग आवश्यक भएको बताएकी छन् । उनले नगरबासीलाई स्वास्थ्य सुविधाबाट बञ्चित गराउँनु हुँदैन भन्ने उद्देश्यले उपमहानरले अहिलेसम्म एकहजार चारसय ५२ जनाको नि:शुल्क स्वास्थ्य बिमा गरेको जानकारी दिइन् । उनले भनिन् 'हामी जिम्मेवारी पूर्ण ढंगबाट काम गरिरहेका छौं', यसमा नगरबासीको पनि सहयोग आवश्यक छ ।'

घोषणा प्रक्रिया पूरा गर्नका लागि प्रदेश सरकार स्वास्थ्य मन्त्रालयमार्फत् वडाको सर्वेक्षण गरी तथ्याङ्कको प्रमाणीकरण निर्देशिका बमोजिम पूरा गरेको स्वास्थ्य चौकीका प्रमुख टीएन ढुंगेलले बताए । घोषणाका लागि स्वास्थ्य चौकीले वडामा रहेका ८८ बालिबालिकालाई पूर्ण खोप दिएको, एकसय दुई जना गर्भवतीले स्वास्थ्य संस्थामा आएर सुत्केरी भएको जानकारी कार्यक्रममा दिइएको थियो । घोषणासँगै वडामा टोलटोलमा पुगेर स्वास्थ्य परीक्षण गर्ने अभियानको पनि सुरुवात भएको छ ।

वडाभित्र रहेका २३ वटा टोल विकास संस्थाको घरघरमा पुगेर स्वास्थ्य अवस्थाबारे जानकारी लिने अभियानको पनि बुधबारबाटै सुरुवात भएको स्वास्थ्य चौकी प्रमुख ढुंगेलले बताए । हेटौंडा उपमहानगरपालिका ६ का वडा अध्यक्ष बिष्णुबहादुर दाहालको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगरका प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाईं, प्रदेश स्वास्थ्य मन्त्रालयका प्रवक्ता दीपक तिवारीले भएको कामलाई दीगो बनाउनेतर्फ ध्यान दिन आग्रह गरेका थिए ।

## १० नम्बर वडाले जित्यो अध्यक्षकपको उपाधि

साझाकुरा संवाददाता




हेटौंडा, १ चैत/ कैलाश गाउँपालिकामा भएको अन्तर वडास्तरीय अध्यक्षकप रनिङशिल्ड नकआउट फुटबल प्रतियोगिताको उपाधि १० नम्बर वडाले जितेको छ ।


कैलाश-९, स्थित नामटारमा भएको फाइनल खेलमा १० नम्बर वडाले ५ नम्बर वडालाई २-१ गोलअन्तरले पराजित गर्दै उपाधि जितेको हो । उपाधि विजेता वडा नम्बर १० ले ६३ तोला चाँदीको र निङशिल्डसहित ६० हजार रुपैयाँ नगद प्राप्त गरेको छ । उपविजेतामा चित्त बुझाएको वडा नम्बर ५ ले भने ४० हजार रुपैंया नगद पुरस्कार पाएको छ । वडा नम्बर १० लाई उपाधि जिताउन सुमन स्याङ्तनले व्यक्तिगत दुई गोल गरे । उनी खेलको म्यान अफ द म्याच पनि चुनिएका छन् ।

वडा नम्बर ५ का लागि हिरा सिंतानले एक गोलमात्रै गरे । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी वडा नम्बर १० का सूर्य थिङ घोषित भए । प्रतियोगितामा वडा नम्बर १० का भुपेन्द्र महर्जन उत्कृष्ट गोलरक्षक, वडा नम्बर ५ का अम्बरसिंह पाखिन उत्कृष्ट डिफेन्डर, वडा नम्बर १० का साजन जिम्बा उत्कृष्ट मिडफिल्डर, वडा नम्बर १० का अजय गुरुङ उत्कृष्ट फरवार्ड, वडा नम्बर ३ का सुविन थिङ उदीयमान खेलाडी, वडा नम्बर १० का रेशम थिङ उत्कृष्ट प्रशिक्षक र वडा नम्बर ५ का निर्जल लामा उत्कृष्ट म्यानेजर घोषित भए ।

विधागत उत्कृष्टलाई ट्रफी प्रदान गरिएको प्रतियोगिताका सहसंयोजक रविन्द्र थिङले जानकारी दिए । कैलाश गाउँपालिका खेलकुद विकास समितिका अध्यक्ष मोहन वाईबाको सभाध्यक्ष तथा बागमती प्रदेशसभाका सदस्य ईन्द्रबहादुर बानियाँको प्रमुख आतिथ्यतामा प्रतियोगिता समापन समारोह भएको थियो । कार्यक्रममा गाउँपालिकाका अध्यक्ष लोकबहादुर मुक्तान, उपप्रमुख बालकुमार मल्ल ठकुरी र पालिकाका प्रमुख प्रशासकीय अधिकृत अशोक विष्टलगायतको आतिथ्यता थियो ।


कपडाहरुको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्





कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।

कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।

प्रो. अमिता चौधरी

मेरिना ड्राई क्लिनिङ्ग स्पोट

नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर

(निर्माण व्यवसायी संघको अगाडि)

सम्पर्क नं.: ९८४५१२६११२


हार्दिक समवेदना



जन्म: १९९३

स्वर्गारोहण: २०७९/११/२०

सीता कुमारी अर्याल

मेरा आदरणीय दाजु सीताराम अर्यालको ममतामयी माता **सीता कुमारी अर्याल**को मिति २०७९/११/२० मा असमायीक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति धैर्यधारण गर्न सक्ने शक्ति मिलोस् भनी हार्दिक समवेदना व्यक्त गर्दछु ।

**समाजसेवी विरेन्द्र डिसी**






साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना